
# स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना

# Local Disaster and Climate Resiliences Plan (LDCRP)

## दशरथचन्द नगरपालिका

## (Dasharathchand, Municipality)

२०७४




# दशरथचन्द नगरपालिकाको कार्यालय

## गढी, बैतडी

सहयोग : नेपाल रेडक्रस सोसाइटी, **CCDRR** कार्यक्रम बैतडी

: युनिसेफ नेपाल



# जिल्ला समन्वय समिति,
## बैतडी

७ नं. प्रदेश, नेपाल

प.स.०७४/७५
च.नं.

मिति २०७५/०१/२१

जिल्ला समन्वय समिति बैतडी ७ नं. प्रदेश, नेपाल २०७४

**शुभकामना ।**

नेपाल वाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी हिमपात विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मूलुक हो । विश्वामान चित्रमा नेपाल भूकम्पीय जोखिमको हिसावले नेपाल विश्वमा चौथो जोखिममा पर्दछ जसवाट बैतडी जिल्ला पनि यि जोखिमहरुवाट अछुतो छैन । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशीलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भईसकेको छ । यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशीलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तर गरी सबै तहका विकास नीती तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार वनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीती, २०६६ को मूल भवना तथा मर्मलाई आत्मसात गर्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४को परिच्छेद ३ दफा ११ को उपदफा १ (न) ले दिइएको अधिकार प्रयोग गरी समावेसी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै **"विपद् तथा जलवायु उत्थानशिल योजना, २०७४"** निर्माण गरिएकोमा म ज्यादै खुसि छु ।

अन्तमा विपद् तथा जलवायु उत्थानशिल योजना तयार गर्न पहल गर्न हुने दशरथचन्द नगर कार्यपालिका, UNICEF नेपाल तथा नेपाल रेडक्रस सोसाइटीलाई धन्यवाद दिदै आगमी दिनमा पनि समग्र जिल्ला कै विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण सबै निकायवाट पहल रहोस् भन्ने शुभेच्छा प्रकट गर्दै सबै जिल्ला वासीहरुलाई मेरो व्यक्तिगत एवं जिल्ला समन्वय समिति परिवारको तर्फवाट नयाँ वर्ष २०७५ को मगंगलमय शुभकामना दिन चाहान्छु ।

धन्यावाद

.........सिद्धराज भट्ट
प्रमुख

☎ ०९५- ५२०२४१
५२०१७१
५२०४७१

# दशरथचन्द नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खलंगा गढी, बैतडी

७ न.प्रदेश नेपाल



पत्रसंख्याः- ०७४/७५
चलानी नम्बरः-

मिति २०७५/०१/१९

## कृतज्ञता ज्ञापन

बैतडी जिल्ला दशरथचन्द नगरपालिका बाढी पहिरो,भुकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ्ग, खडेरी, जंगली जनावर, सडक दुर्घटना तथा जलवायु परिवर्तन जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ । यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपव्राहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदुाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ परिच्छेद ७,दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै दशरथचन्द नगरपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना,२०७४ निर्माण गरी लागु गरिएको छ ।

दशरचरथचन्द नगरपालिका, स्थानीय विपद् तथा जलवायू उत्थानशिल समिती, नेपाल रेडक्रस सोसाइटी बैतडी, बाववालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण कार्यक्रम, निजी क्षेत्रका प्रतिनिधीहरु, गैरसरकारी संस्था, पत्रकार बुद्धीजीवी, वडा कार्यालय तथा वडा स्तरीय विपद् व्यवस्थापन समिती ,शिक्षक महिला, वालवालिका तथा स्थानीय समुदायको सक्रिय सहभागीतामा नगरपालिकाको संकटासन्नता तथा जोखिम विश्लेषण गरी यो योजना तयार गरिएको छ । यो योजना नगरपालिकाको जोखिम न्यूनीकरणको लागी पहिलो प्रयास हो । यो योजनामा समावेश भएको विपद् व्यवस्थापनका क्रियाकलापहरु संचानल गर्न नगरपालिकाको तर्फबाट प्रतिवद्धता व्यक्त गर्दै यसको अधिक कार्यान्वयनको लागी सम्पुर्ण सरोकारवालाहरुलाई अनुरोध गर्दछु । यो योजना तयार गर्न सहयोग गर्नुहुने युनिसेफ नेपाल तथा नेपाल रेडक्रस सोसाइटी बालवालिका केन्द्रित विपद जोखिम न्यूनीकरण कार्यक्रम बैतडी जिल्ला शाखा प्रति हार्दिक आभार प्रकट गर्दछु ।

नरेन्द्र सिंह थापा
नगर प्रमुख

info@dasharathchandmun.gov.np
dnpbaitadi@gmail.com
www.dasharathchandmun.gov.np

**Nepal Red Cross Society**
**Baitadi District Chapter**

Add.: Da.Municipality-4, Baitadi
Phone: +97795- 520356,520156
Fax : 095-520156
E-mail: baitadiredcross@gmail.con

प.स. ०७४।७५
च.नं.

मिति :२०७५।०१।२०



विषय : **शुभकामना** ।

बैतडी जिल्ला दशरथचन्द नगरपालिकाले विपद व्यवस्थानपनको कार्यलाई अगाडी बडाउने शिलसिलामा नगर स्तरमा स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना-२०७४ निर्माण गरेकोमा खुसि व्यक्त गर्दै बधाई तथा सफल कार्यान्यनको शुभकामना व्यक्त गर्दछु ।

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । विश्वमान चित्रमा नेपाल भुकम्पीय जोखिमको हिसावले ११ औं जोखिम,बाढी पहिरोको हिसावले ३० औं जोखिम र जलवायू परिवर्तनको जोखिमको हिसावले नेपाल विश्वमा चौथो जोखिममा पर्दछ । बैतडी जिल्ला पनि यी जोखिमहरूबाट अछुतो छैन । बैतडी जिल्ला दशरथचन्द नगरपालिका बाढी पहिरो,भुकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ्ग, खडेरी, जंगली जनावर तथा जलवायु परिवर्तन जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ । यस अवस्थामा विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रूपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ । यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपव्राहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गरी विपद व्यवस्थापनमा लाग्नु पर्ने तथा विपद् व्यवस्थापनको कार्यलाई योजनाबद्ध ढंगबाट अगाडी बडाउपर्ने आजको आवश्यकता हो ।

दशरथचन्द नगरपालिकाले विपद् व्यवस्थानका कार्यलाई विकासको मुल प्रवाहमा समावेश गर्न निर्माण गरेको स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजनाको सफल कार्यन्वयनको लागी नेपाल रेडक्रस सोसाइटीको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु साथै सवै सरोकारवाला निकायहरूलाई यस कार्यमा हातेमालो गर्न अनुरोध समेत गर्दछु । यो योजना तयार गरेकोमा नगरपालिकालाई सफल कार्यन्वयनका लागी शुभकामना व्यक्त गर्दै योजना तयार गर्न खट्न हुने नगरपालिका, विपद् व्यवस्थापन समिती, नगरपालिकाको सामाजिक विकास शाखा, युनिसेफ नेपाल तथा नेपाल रेडक्रस सोसाइटी बालवालिका केन्द्रित विपद् जोखिम न्युनीकरण कार्यक्रमलाई विशेष धन्यवाद दिन चाहान्छु ।

भिमदत्त पाण्डेय
सभापति
नेपाल रेडक्रस सोसाइटी
जिल्ला शाखा, बैतडी

# खण्ड - १ प्रारम्भिक परिचय

## १.पृष्ठभुमी :

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । विश्वमान चित्रमा नेपाल भुकम्पीय जोखिमको हिसावले ११ औं जोखिम,बाढी पहिरोको हिसावले ३० औ जोखिम र जलवायू परिवर्तनको जोखिमको हिसावले नेपाल विश्वमा चौथो जोखिममा पर्दछ । बैतडी जिल्ला पनि यी जोखिमहरुबाट अछुतो छैन । बैतडी जिल्ला दशरथचन्द नगरपालिका बाढी पहिरो,भुकम्प, आगलागी, महामारी, हावाहुरी, चट्याङ्ग, खडेरी, जंगली जनावर तथा जलवायु परिवर्तन जस्ता प्रकोपको उच्च जोखिममा रहेको छ। यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ । यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदुाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ परिच्छेद ७,दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै बैतडी जिल्ला दशरथचन्द नगरपालिकामा दशरथचन्द नगरपालिका,नगरपालिकाको सामाजिक विकास शाखा, ग्ल्क्ष्ऋभँ नेपाल तथा नेपाल रेडक्रस सोसाइटीको आर्थीक तथा प्राविधिक सहयोगमा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना,२०७४ निर्माण गरी २०७५ साल बैशाख १९ गते नगरकार्यपालिकाबाट निर्णय गरी लागु गरिएको छ ।

### १.१ जिल्लाको भौगोलिक अवस्था, खोलानाला ताथ सामाजिक अवस्थाः

बैतडी जिल्लाको भौगोलिक अवस्थिति २९ डिग्री २२ मिनेट देखि २९ डिग्री ६७ मिनेट उत्तरी अक्षांस र ८० डिग्री १५ मिनेट ८१ डिग्री ०४ मिनेट पूर्वी देशान्तर भित्र पर्दछ । यस जिल्लाको पूर्वमा बझागं र डोटी जिल्ला पश्चिममा महाकाली नदी र भारतको उत्तराखण्डको पिथौरागढ जिल्ला उत्तरमा दार्चुला जिल्ला र दक्षिणमा डडेल्धुरा जिल्ला पर्दछन् । यस जिल्लामा ठूला नदिहरुमा सेती र महाकाली पर्दछन भने मध्यम र साना खोलाहरुमा जमाडी, सूर्नया, अगोरीगाड, ढिकगाड बरायलखोला, कुमालीगाड, कनसनीगाड, पनालीगाड आदी पर्दछन् । बैतडी जिल्ला सामाजिक हिन्दू धर्म मान्नेहरुको र मध्यम वर्गिय परिवारीक संरचना रेहको जिल्लाको रुपमा चिनिदै आएको छ । जिल्लामा बाह्रमण, क्षेत्री र दलित र अन्य जातजातिका मानिसहरुको बसोबास रहेको छ ।

बैतडी जिल्ला नेपाल अधिराज्यको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो । यो जिल्ला समुद्र सतहवाट ३९० मी देखि २९५० मी को उचाईमा १५१९ बर्ग किलोमिटर क्षेत्र भित्र फैलिएको छ । प्रकोपको दृष्टिकोणले यो जिल्ला उच्चजोखिम क्षेत्र भित्र पर्दछ । बाढि तथा पहिरोका कारण प्रत्येक बर्ष यो जिल्लामा करिव १२७५ परिवार प्रभावित हुने गर्छन् । त्यस्तै

झाडापखाला तथा अन्य सरुवारोगवाट पनि यो जिल्ला त्यत्तिनै मात्रामा प्रभावित बन्ने गरेको छ। भुकम्पिय दृष्टिकोणबाट पनि यो क्षेत्र संकटासन्न क्षेत्रभित्र पर्दछ। बिगत ५ बर्षमा बाढि तथा पहिरोका कारण १५८७५ परिवार बिस्थापित बनेकाछन् भने ३८७५ परिवारहरु प्रत्यक्षरुपमा प्रभावित बनेको तथ्याङ्क भेटीन्छ। (स्रोत : मएच्ए(ट्ठण्ठद्ध )

## १.२ दशरथ चन्द नगरपालिकाको भौगोलिक अवस्था, खोलानाला ताथ सामाजिक अवस्थाः

प्रदेश नम्बर सातको पहाडी जिल्ला मध्ये बैतडी पनि एक हो । भारतसंग सीमा जोडिएको यो जिल्लाको पश्चिममा भारत, उत्तरमा दार्चुला पर्दछ। बैतडी जिल्लाका १० ओटा स्थानीय तहमध्ये दशरथचन्द नगरपालिका पनि एक हो। दशरथचन्द नगरपालिका अन्तर्गत ११ ओटा वडा रहेका छन्। पछिल्लो समयमा गरिएको संघीय संरचना अनुसार दशरथचन्द नगरपालिकामा साविकका दुर्गाभवानी, देहीमाण्डौं, गुरुखोला, दुर्गास्थान, ग्वाल्लेक, नागार्जुन गाविसहरु समेटिएका छन्।

दशरथचन्द नगरपालिका भारतसंग सीमा जोडिएको स्थानीय तह हो। झुलाघाट नाका यसै नगरपालिका अन्तर्गत पर्दछ। यो नगरपालिकाको पूर्वमा पाटन नगरपालिका र सुर्नया गाउपलिका, पश्चिममा महाकाली नदि र मित्र राष्ट्र भारत, उत्तरमा दार्चुला जिल्ला र दोगाडाकेदार गाउँपालिका, दक्षिणमा मेलौली नगरपालिका र पंचेश्वर गाउपलिका रहेको छ। २०६८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३४५७५ र जम्मा घरधुरी ३२५७ रहेको छ। १३५.१५ बर्ग किमी मा फैलिएको यस नगरपालिका समुद्र सतह देखि न्यूनतम ५०० मिटर र अधिकतम ३१०० मिटर उचाइमा रहेको छ। दशरथचन्द नगरपालिकाको हावापानी समसितोष्ण रहेको छ।

प्रदेश न. ७ अन्तर्गत बैतडी जिल्लाको सदरमुकाममा दशरथचन्द नगरपालिका लाइ ११ वटा वडामा बिभाजन गरिएको छ। अमर शहिद दशरथचन्दको नामबाट नामाकरण गरिएको यो नगरपालिका प्राकृतिक रुपले रमणीय रहेको छ। माता त्रिपुरासुन्दरी, जगन्नाथ, निंग्लाशैनी, लगायतका मन्दिरहरु धार्मिक पर्यटकीय स्थलको रुपमा परिचित रहेका छन्। दशरथचन्द नगरपालिका ग्वाल्लेक धुरो वायुको बेगलाइ रोक्ने बेगतोड़ भनिन्थ्यो। महत्वपूर्ण धार्मिक तथा राजनीतिक इतिहास बोकेको यो जिल्ला कहिले डोटी राज्य र कहिले कुमाउ राज्यमा युद्ध हुदा बैतडी जिल्ला कहिले कुमाउ राज्यमा र कहिले डोटी राज्यमा रहेको र चन्दहरुले राज्य गरेको भनाइ छ। नेपालकै प्रमुख धार्मिक स्थल त्रिपुरासुन्दरी भगवती मन्दिर, जगन्नाथ मन्दिर, निंगलाशैनि मन्दिर, ग्वालेक केदार, असिम केदार, नागार्जुन मन्दिर, इश्वरीगंगा धाम, महाभारत कालका पंचदेवल मन्दिर जस्ता महत्वपूर्ण धार्मिक स्थल रहेको नगर दशरथचन्द नगरपालिका हो। राजनीतिक इतिहासको कुरा गर्ने हो। १०४ बर्षे कठोर राणा शासन बिरुद्ध संघर्ष गर्ने जेष्ठ चार शहिद मध्ये अमर शहिद दशरथचन्दको जन्म यसै नगरमा पर्छ। यो नगरपालिका २०५४ सालमा ६ वटा गा.बि.स. दशरथचन्द, खलंगा, त्रिपुरासुन्दरी, थालिगाडा, जगन्नाथ र बाराकोट गा.बि.स. मिलाएर अमर शहिद दशरथचन्दको नामबाट स्थापना गरिएको हो।

**दशरथचन्द नगरपालिकाका बिशेषताहरु**

१. **धार्मिक पर्यटन**

- जगन्नाथ मन्दिर गढी
- त्रिपुरासुन्दरी भगवती मन्दिर
- निंग्लाशैनी भगवती मन्दिर
- ग्वाल्लेक केदार मन्दिर ग्वाल्लेक
- असिम केदार
- नागार्जुन बाबा मन्दिर
- इश्वरी गंगाधाम
- पंचदेवल मन्दिर

२. **कृषि तर्फ**

आप, लिचि, मेवा, नासपाती जस्ता गर्मि याममा फल्ने र स्याउ, सुन्तला, मौसम जस्ता जाडो याममा फल्ने फलफुलहरु यहाँको प्रमुख फलफुलको रुपमा लिने गरिन्छ । साथै गहु, मकै, भटमास जस्ता मुख्य खाधान्न बाली हरु उत्पादन गर्ने गरिन्छ । टिम्मुर, अमला, चिराइतो जस्ता महत्वपूर्ण जडीबुटीहरु यहाँ पाइने गरेको छ ।

३. **व्यापार**

मित्र रास्ट्र भारतको सिमाना रहेको र उत्तराखंडको पिथोरागढ़ जिल्ला मुख्य ब्यापारिक नाका रहको छ ।
(श्रोत : दशरथचन्द नगरपालिकाको वेभसाइट)

## १.३. स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको परिचय र उद्देश्य :

बैतडी जिल्ला दशरथचन्द नगरपालिकाको सम्भावित विपद् तथा जलवायुजन्य परिवर्तनको जोखिम कम गर्न, विपद्को समयमा आपत्कालीन कार्य सम्पादन गर्न, प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनःस्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न नगरपालिकाले तयार गरिएको योजनाबद्ध कार्यक्रम, कार्यजिम्मेवारी तथा बजेटसहितको ढाँचा नै स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना हो, जसले :

(क) नगरपालिका भित्रका स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष, समावेशी, र सक्रिय सहभागिताको प्रत्याभूति गर्छ ।

(ख) यस योजनाले नगरपालिका भित्र विपद तथा जलवायु परिवर्तनद्वारा मानवीय, आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक श्रोतमा पर्न सक्ने प्रतिकूल प्रभावको विश्लेषण गरेको छ ।

(ग) दशरथचन्द नगरपालिकामा समावेशी र सहभागीतामूलक विधिको प्रयोग मार्फत् समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गर्दै जोखिम न्यूनीकरण, प्रतिकार्य र पुर्नलाभका कार्यहरु गर्न तथा जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालनमा जोड दिइएको छ ।।

(घ) आवश्यकता अनुसार विकास प्रक्रियामा विपद् तथा जलवायु उत्थानशिलतालाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पछि गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्छ ।

(ङ) विपद् जोखिम न्यूनीकरण कार्यक्रमलार्य स्थानीय तहमा नै संस्थागत गरी आत्मनिर्भर बनाउन र स्थानीय समुदायको साझेदारीमा वृद्धि गर्न ।

(च) नगरपालिकाका बालवालिकाहरुलाई विपद जोखिमबारे ज्ञानको अभिवृद्धी गरी विपद्को समयमा बालवालिकामा पर्ने असरहरुलाई कम गदै विपद जोखिम न्यूनीकरणमा बालवालिकाको अर्थपुर्ण सहभागित सूनिश्चित गर्न ।

## १.४. योजनाको आवश्यकता तथा महत्व :

दशरथचन्द नगरपालिकाका बाढी पहिरो, खडेरी, आगलागी, भुकम्प, जंगली जनावर आतंक सडक दुर्घटना, हावाहुरी तथा महामारीको बढी जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा साङगठनिक रुपमा कमजोर हुन्छन् । खाद्य असुरक्षा, शौचालय, स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, विपद कारण सुरक्षित बासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु आदि विपद् प्रभावित समुदायहरुले सामना गर्ने मुख्य समस्याहरु हुन । परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य प्रकोपहरु संग समुदायको सामना गर्ने क्षमता निकै कमजोर छ । यस्ता समस्याहरुलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउने निर्णय गर्नु अत्यन्त जरुरी छ । दशरथचन्द नगरपालिकाको प्रकोप पूर्व तयारी तथा प्रतिकार्यमा काम गर्ने विभिन्न सरोकारबालाहरु वीच समन्वय गर्ने महत्वपूर्ण साधनको रुपमा यो योजना रहनेछ ।

विपदको अवस्थामा प्रभावकारी मानवीय सहयोगका लागि तथा सम्भावित विपदको जोखिम कम गर्नका लागि विपद जोखिम व्यवस्थापन योजना आवश्यक पर्दछ । विशेष गरी मानवीय सहयोगको प्रत्याभुति गराउन विपद् जोखिम न्युनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुच पुरयाउन, र विपद् पश्चात प्रभावितहरुको उचित व्यवस्थापन गर्न ,सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानि तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न यस योजनाले मार्ग निर्देश गर्नेछ । त्यसका साथै श्रोतको सहि परिचालन तथा

पहिचान गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ । यसै आवश्यकतालाई महशुस गर्दै यस  नगरपालिकामा विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभाकारी बनाउन पुर्वतयारी दस्तावेजका रुपमा यो विपद् तथा जलवायू उत्थानशिल योजना तयार पारिएको हो । यस योजना युनिसेफ नेपालको सहयोगमा नेपाल रेडक्रस सोसाइटीद्धारा संचालित बालवालिका केन्द्रित विपद् जोखिम न्यूनीकरण कार्यक्रमको सहयोगमा दशरथ चन्द नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा नगर स्तरीय विपद् तथा जलवायू उत्थानशिल समिती ीयअर्बा म्ष्कबकतभच बलम ऋष्बितभ च्भकषष्मिलअभ   ऋयक्ष्ततभभ ९ीम्ऋच्ऋ० गठन गरी उक्त समितीले नगर कार्यपालिका, स्थानीय निर्वाचित जनप्रतिनिधी,स्थानिय राजनितिक दलका अगुवा, विभिन्न विषयगत कार्यलयका प्रमुख तथा प्रतिनिधी, बालवालिका, महिला, स्थानिय स्तरका संघ संस्था, आदीवाशी जनजाती, दलित अपाङ्ग शिक्षक, समाज सेवी लगायत सँग समन्वय गर्दै स्थानीय समुदायको प्रत्येक्ष सहभागितामा यो योजना निर्माण गरिएको छ ।


## १.५. योजनाका सीमा :

दशरथचन्द नगरपालिकाको योजना निर्माणको लागि यस नगरपालिकामा गठन भएको योजना निर्माण समितीका संयोजक तथा सवै सदस्यहरु,दशरथ चन्द नगरपालिका, नगरपालिकाका सामाजिक शाखा प्रमख, नेपाल रेडक्रस सोसाइटीका अगुवाइमा  विपद् व्यवस्थापन समितीका संयोजक तथा सदस्यहरु  राजनितीक पार्टिका प्रतिनिधीहरु, सामाजिक संघ संस्थाका प्रतिनिधीहरु, स्थानिय स्तरका सरकारी कार्यालयका प्रतिनिधहिरु, दलित, अपाङ्ग, संघ संस्थाहरुबाट प्रतिनिधी, महिला लगायत सम्पूर्ण क्षेत्रको सहभागिता संकटासन्नता तथा क्षमताको पहिचान तथा विश्लेषण **ख्ऋब** विभिन्न औजारहरुको प्रयोग गरीएको थियो । दशरथचन्द नगरपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा पुर्ण रुपमा सहभागितामूलक प्रकृयाका माध्यामबाट गरिएको थियो । तर योजना तर्जुमा गर्दा देखिएका केही सीमाहरु निम्नानुसार छन् ।

- ❖ नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ । यस निर्देशिकामा उल्लेख गरिएको उच्च , मध्यम तथा निम्न जोखिममा रहेका बस्तीहरुको अंकभार दिने कार्यमा अष्पष्टता भएकोले त्यस अंकभारलाई आधार नमानिएको र समुदायका सरोकारवालाहरु संग भएको अन्तरक्रिया , विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ ।
- ❖ विपद जोखिम व्यवस्थापनको योजना अन्तरगत बनाएका गतिविधीहरुको कार्यन्वयनका लागि सम्बन्धित गतिविधी स्थाननिय तहकासरकारी निकायहरु, जिल्ला समन्वय समिती तथा दातृ संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ । अन्यथा योजना कार्यन्वयनमा समस्या पर्ने देखिन्छ ।
- ❖ योजना निर्माण गर्दा यस नगरपालिकामा ३ क्षेत्रमा योजना तर्जुमा कार्यशाला गोष्टी गरिएको र उक्त कार्यशालाबाट आएका राय सुझाव , नगरपालिकामा भएको तथ्याङ्ग, सामाजिक स्रोत नक्सा तथा नगरपालिकाका सवै वडामा गरीएको जोखिम पहिचान गरिएको भिसीए प्रतिवेदनलाई समेत आधार मानी तयार गरिएको छ ।

## १.६. योजना निर्माण प्रक्रिया विधि :

यो योजना तर्जुमा गर्दा तल उल्लेखित विधि र प्रक्रियाहरु अपनाइएको छ :




- ❖ नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ । यस निर्देशिकामा उल्लेख गरिएको उच्च , मध्यम तथा निम्न जोखिममा रहेका बस्तीहरुको अंकभार दिने कार्यमा अष्पष्टता भएकोले त्यस अंकभारलाई आधार नमानिएको र समुदायका सरोकारवालाहरु संग भएको अन्तरक्रिया , विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ ।
- ❖ योजना तर्जुमा गर्दा नगरपालिका भित्र ३ कलस्टरमा नगरपालिकाको सवै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सवै सरोकारवालाको सहभागितालाई सुनिश्चित गरिएको छ ।
- ❖ विगतका वर्षहरुको विपद्को अवस्थाहरुको वारेमा विश्लेषण गरीएको छ ।
- ❖ नगरपालिकाको सामाजिक आर्थिक तथा धार्मिक अवस्थाको विश्लेषण गरिएको छ ।
- ❖ नगरपालिकाको सम्पुर्ण वडाहरुको प्रतिनिधित्व गराई तथ्याङ्क संकलन गरिएको छ ।

❖ कार्ययोजनामा मुख्यतया बाढी पहिरो, आगलागी,महामारी, हुरी बतास/चट्याङ्ग, जंगली जनावर आतंक, भुकम्प आदी विपद्को पुर्व, विपदको समयमा, र विपद् पश्चायत के गर्ने तथा क्षमता विकास तथा जनचेतना,आपतकालीन पुर्व तयारी र जोखिम न्यूनीकरण अल्पीकरणम के के गर्ने भनी भनी योजना बनाइएको छ ।

१.७. योजना कार्यान्वयन रणनिति :

❖ योजनालाई नगरपालिकाको नगरसभाबाट अनुमोदन गराई वैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ ।

❖ समुदाय स्तरका कार्यदलको तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला संघ/संस्थाहरुको सहभागितामा जोड दिइने छ । विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्यहरुलाई परिचालन गरिनेछ ।

❖ योजना कार्यान्वयनको लागि नगरपाकिलाबाट वजेट छुट्याइने छ भने सरकारी कार्यालय, जिल्ला समन्वय समिती, प्रदेश सरकार,जिल्लाका मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायसँग समन्वय गरिने छ । नगरपालिकामा गरिने विकासका कार्यमा विपद्लाई मध्य नजर गरेर गरिनेछ ।

❖ स्थानीय ज्ञान, शीप, विधी, प्रविधी र श्रोत तथा साधनको अधिक्तम उपयोग गरी विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

❖ योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् तथा जलवायू उत्थानशिल समिती, नगरपालिका,जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, यूनिसेफ र नेपाल रेडक्रस सोसाइटी केन्द्र तथा जिल्ला लगाएत बाट नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

❖ योजना कार्यान्यवनको लागि समय समयमा बिभिन्न प्रकारका क्षमता अभिबृद्धि तथा पुर्नताजगि तालीमको आयोजना गरिनेछ ।

१.८. योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन :

❖ नगरपालिकाबाट बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्दा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

❖ नगरपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

❖ विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गरिने छ ।

❖ योजनाको बार्षिक रुपमा आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गरिने छ ।

❖ प्रत्येक बर्ष नगरपालिकाको आयोजनामा एक समीक्षा गोष्ठीको आयोजना गरी योजना अनुगमनमा देखिएका कमी कमजोरीको सुधार गरिने छ ।

❖ अनुगमन मुल्याङ्कन गर्दा स्थानीय समुदायको राय सुझावलाई आधार मानिने छ ।

❖योजनाको प्रभावकारीताको अध्ययनको लागी हरेका वर्ष नगरपालिका स्तरमा एक कृत्रिम घटना अभ्यास संचालन गरिनेछ ।

## खण्ड - २ प्रकोप,संकटासन्नता र जोखिम विश्लेषण

**२.१**) प्रकोप पहिचाहन र स्तरीकरण :

बैतडी जिल्लाको दशरथचन्द नगरपालिकामा नगरपालिकाको प्रकोप, संकटासन्नता तथा जोखिम विशलेषण गर्न नगर स्तरीय विपद् तथा जलवायू उत्थानशिल समितीलाई ३ दिने विपद् जोखिम न्यूनीकरण,जलवायू

परिवर्तन, संकटासन्नता तथा क्षमता विश्लेषण सम्बन्धी तालिम तथा नगरपालिकाका वडा सचिव तथा वडा सचिवहरुको लागी १ दिने विपद जोखिम न्यूनकरण, जलवायू परिवर्तन सम्बन्धी तालिम सम्पन्न गरी दशरथ चन्द नगरपालिकाका ११ वटै वडामा प्रकोप, संकटासन्नता तथा जोखिम विश्लेषण गरिएको छ। नगरपालिका सवै वडा तथा समुदायमा प्रायगरी सवै प्रकोपहरु मिल्दाजुल्दा छन् तर नगरपालिको माथील्लो क्षेत्र तिर जलवायू परिवर्तनको असर बढी छ भने तल्लो भाग तिर अर्थात महाकाली नदीको किनार तीर नदीकटानको समस्या बढी देखापरेको छ । वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको अवसरमा गरीएको समुदायसंगको छलफल तथा सूचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकनको आधारमा ११ वटै वडाको प्रकोप स्तरीकरणलाई नगरपालिकाको योजना तर्जुमा कार्यशालामा सहभागी समुदायका प्रतिनिधिहरुको समेत छलफलबाट समग्र दशरथचन्द नगरपालिकाको प्रकोपलाई निम्नानुसार स्तरीकरण गरिएको छ ।

१) भुकम्प
२) बाढी/पहिरो
३) आगलागी
४) जलवायू परिवर्तन
५) जंगली जनावर आतंक
६) महामारी -फोहोरमैलाका कारण)
७) हावाहुरी/चट्याङ्ग
८) खडेरी
९) नदीकटान
१०) सडक दूर्घटना

**२.१.१) वडा स्तरीय** प्रकोप पहिचाहन र स्तरीकरण :

| वडा ↓ | वडा स्तरिय प्रकोप स्तरिकरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | पहिरो | चट्यांग | वन्यजन्तुको आक्रमण | आगालागि | हावाहुरी | सडक दुर्घटना | महामारी | बाढी | |
| २ | पहिरो | चट्यांग | खडेरी | जलवायू परिवर्तन | महामारी | पहिरो | बाढी | स.दुर्घटना | |
| ३ | पहिरा | खडेरी | चट्यांग | आगलागी | खोला बाढी | ज.परिवर्तन | | | |
| ४ | पहिरा | महामारी | आगलागी | चट्यांग | जंगली जनावर | हावाहुरी | स.दुर्घटना | खडरी | |
| ५ | जंगली जनावर | आगलागी | पहिरा | हावाहुरी | चट्यांग | स.दुर्घटना | खडरी | | |
| ६ | बाढी | नदीकटान | आगलाली | चट्यांग | खडेरी | ह्रवाहुरी | बादर बदेल | महामारी | |
| ७ | पहिरो | चटयांग | खडेरी | जंगली जनावर | आगलागि | महामारी | ज. परिवर्तन | | |
| ८ | पहिरो | खडेरी | आगालागी | चट्यांग | ह्रवाहुरी | महामारी | बादर बदेल | | |

| ९ | पहिरो | नदीकटान | ज्लवायू परिवर्तन | महामारी | हावाहुरी | बादर बदेल | खडरी | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | पहिरो | आगालागी | हवाहुरी | नदीकटान | चट्यांग | बादर बदेल | खडरी | | |
| ११ | पहिरो | आगालागी | ज्लवायू परिवर्तन | खडरी | चट्यांग | बादर बदेल | खडरी | | |

## २.२) प्रकोप विश्लेषण :

दशरथचन्द नगरपालिकाको ११ वटै वडामा गरीएको संकटासन्नता तथा क्षमता/जोखिम विश्लेषणका औजारहरु ( सामाजिक स्रोत नक्सांकन,र संकटासन्नता तथा क्षमता पहिचाहन, समस्याको वृक्ष विश्लेषण,धरातलिय हिंडाइ, संस्थागत विश्लेषण, लक्षित समुह छलफल,प्रत्यक्ष अवलोकन, भू–उपयोग जोखिम विश्लेषण) समेतको प्रयोगबाट गरिएको विश्लेषणको नतिजालाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

| क.स. | समस्या अथवा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागी पहिचाहन भएको उपायहरु |
|---|---|---|---|---|---|
| १) | भुकम्प | ज्वालामूखि विस्पोटन , भुधरातलिय प्लेटहरु कमजोर हुनु | भौगोलिक बनावट , पृथ्वीको भित्री सतहमा अत्याधिक तापकम | जनधनको क्षति , भौतिक संरचना , पशुप्राणी ,बाढी पहिरो तथा मानसिक त्रास | सचेतीकरण , पुर्व तयारी, सुरक्षित स्थान पहिचाहन , भुकम्प प्रतिरोधात्मक घरहरु तथा विद्यालय निर्माण, भवन आचारसंहिताको पालना , खुला चौर को व्यवस्थापन |
| २) | बाढी/पहिरो | वन विनास , जथाभावी वाटा खन्नु , अनाआवश्यक डोजर तथा स्काभेटरको प्रयोग गर्नु ,कमजोर भु. बनावट ,भिरालो जमिन , अभिरल वर्षा, | वन फणानी मात्र बढ्नु ,कमजोर भु वनोट , भिरालो जमिन अभिरल वर्षा , जलवायु परिवर्त , | जनधनको क्षति मानव तथा जीवजन्तुहरुमा त्रास उत्पन्न खेतियोग्य जमिनहरुको क्षति भौतिक संरचनमा क्षति , | अनावश्यक वन फणानी रोक्ने ,वृक्षारोपण गर्ने , जनचेतना बढाउने ,सुरक्षित स्थानको पहिचान गर्ने ,पुर्व तयारीका सामाग्रीहरुको तयारी गर्ने ,सडकको क्षमता अनुसार गाडी गुडाउने , डोजरको प्रयोग कम गर्ने |
| ३) | आगलागी | सुख्खा मौसम, हुरीवतास ,लापरवाही , चेतनाको अभाव , अव्यवस्थित विधुतिकरण , केटा केटीको पहुँचमा आगजन्य बस्तु राख्नु , फुसको छाना भएको घर , अव्यवस्थित बस्ती | मानिसको लापरवाही , मौसम परिवर्तन , गरीवी , | जनधनको क्षति ,वन्य जिवजन्तु तथा पशुप्राणी को क्षति ,भौतिक वस्तुको नास , विस्थापित , बसाइसराइ र वन विनास , मानिस हरु घाइते अपाङ्ग , हुने । | आगोजन्य बस्तु राख्नमा हासीयारी , विभिन्न तालिम तथा गोष्ठीबाट दक्ष जनशक्ति तथा जनचेतनामा बृद्धि गर्नु , पुर्व तयारी , पोखरी तथा ट्यांकीको निर्माण , सुरक्षित बसोवासको व्यवस्था , अग्नी रेखाको निर्माण |
| ४) | जलवायू परिवर्तन | बन जंकल फणानी<br>औधोगिकरण<br>पृथ्वीको तापकमको वृद्धी<br>जनसंख्या वृद्धी<br>ओजन तहको विनास | पृथ्वीको तापकममा वृद्धी | मानव जीवनमा असर ,<br>कृषिमा असर,<br>वातावरण परिवर्तन | वृक्षारोपण गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ५) | जंगली जनावर आतंक | | | | |
| ६) | महामारी - फोहोरमैलाका कारण) | शाहीलेक, गोठलापानी बजार आसपासमा ढल निकास नहुदा फोहोर मैला हुनु खुला ठाउंमा दिसा पिसाव , बजारमा नाली फोहोर , फोहोर पिउने पानी ,बासी सडेगलेका खानेकुराहरु खाने , खाना खानु अघि दिसा गरेपछि साबुन पानीले हात नधुनु र वातावरण प्रदुषण | जलवायु तथा मौसम परिवर्तन, विभिन्न सरुवारोग तथा सरसफाइ बारे जनचेतनाको अभाव , गरिबी , स्थानिय समुदायको स्वास्थ्य संस्था सम्म सहज पहुँच नहुनु । | मानिस विराम पर्नु तथा मृत्यु हुनु तथा कुपोषण हुन ,वातावरण प्रदुषण | विभिन्न सरुवा रोगको वारेमा जनचेतनामुलक गतिविधी अपनाउने , सफा खानेपानी , ताजा खाने कुरा खाने , प्रत्येक घरमा शौचालयको व्यवस्था , औषधीहरुको पुर्व तयारी , स्वस्थ्यकर्मीहरुको उपलब्धता , स्वस्थ्य सम्बधी विभिन्न जनचेतना मुलक रयालीहरु गर्ने र ढलनिकासको उचित प्रबन्ध गर्ने । |
| ७) | हावाहुरी/चट्याङ्ग | सुख्खा मौसम हुनु , भिरालो धरातलिय अवस्था , मौसममा परिवर्तन | मौसममा परिवर्तन | घर तथा सार्वजनिक भवनहरुको छाना उडाउनु ,जनधनको क्षति हुनु, अन्न बालीहरु नष्ट हुन , गरीबी बढ्नु ,आगलागी हुनु, | घरको छानाहरु मर्मत तथा बालियो बनाउनवा दह्रो पार्ने ,भित्राउन लागेको बालीहरु सुरक्षित स्थानमा लाने , हरीबतास चलेको बेला मानिसहरु सुरीक्षित स्थानमा बस्ने तथा आागो नबाल्ने , यस बाट बच्नको लागि जनचेतना मुलक कार्यक्रमहरु लागु गर्ने । |
| | चट्याङ्ग | अग्लो घरहरु बनाउनु , भौगोलिक अवस्था , हावाहरी बढि चल्नु , मौसम हावाहरी तथा वादलु आकस गर्जदा संचार तथा विधुतिय सामाग्री प्रयोग गरीरहनु तथा खुल्ला ठांउमै रहिरहनु | अव्यवस्थित तरिकाले विद्युतको लाइन राख्नु तथा अर्थिङ्ग नहुनु | धनजनको क्षति तथा आगलागी | आकासमा बादल तथा आकाश गर्जिदा संचार तथा विधुतिय उपकरणको प्रयोग नगर्ने , तथा यस अवस्थामा घर भित्रै बस्ने व्यवस्थित तरिकाले बिजुलीको लाइनहरु राख्ने , समुदाय स्तरमा अर्थिङ्ग गर्ने ,यस बाट बच्ने उपायहरुको विषयमा चनचेतना मुलक कार्यक्रमहरु गर्ने । |
| ८) | खडेरी | समयमा पानी नपर्नु वन जंगलको विनास हुन जलवायू परिवर्तन | आगलागी वन अतिक्रमण तथा फणानी तिव्र जनसंख्या वृद्धी मानिसमा चेतनाको अभाव | उत्पादनमा कमि खानेपानीको समस्या पानीका मुहानहरु सुक्नु अनावृष्टी | बृक्षारोपण गर्ने वन जंगलको संरक्षण गर्ने सिचाई योजना संचालन गर्ने बेमौसमी खेती गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ९) | नदी कटान | अविरल वर्षा हुन , नदी किनारमा मानव बस्ती तथा खेतियोग्य भुमि हुनु ,नदी नियन्त्रणको प्रयास नहुनु । | अविरल तथा भारी वर्षा हुन ।बाढी ठुलो आउनु | धनजनको क्षती , मानव बस्ती तथा खेतीयोग्य भुमि नष्ट , गरीबी , मानिसको विस्थापन | नदी तथा खोला किनारमा घरहरु नबनाउने , पुर्व सुचाना प्रणालीको व्यवस्था गर्ने ।सुरक्षित स्थानको पहिचाहन गर्ने ,नदी कटान नियन्त्रण गर्ने । |
| १० | सडक दुर्घटना | सडकको खरावी , क्षमता भन्दा बढी भार बोक्नु ,बाटोको अवस्थिती थाहा नहुन, मादक प्रदार्थ सेवन गरि गाडा चलाउँनु पुराना गाडी र गाडी अवस्था पुर्व जाँच नगरी हिड्नु , विद्यालयको नजिकै वा सडक पार गरी विद्यालय जानु पर्ने अवस्था | भौगोलिक विकटता , दक्ष चालक नहुनु ,कच्ची सडक | मानिसको मृत्यू , घाइते तथा अपाङ्ग , सवारी साधनमा क्षति | सडक क्षमता अनुसार गाडी गुडाउने , सवारी साधन दुरुष्त गरी चलाउने , माधव पदार्थ सेवन गरी गाडी नहाक्ने , सडक दुर्घटना न्यूनीकरण सम्बन्धी चेतना फैलाउने , कानुनको कडा कार्यान्यवन । |

## २.३) ऐतिहाँसिक समयरेखा विश्लेषण :

वडा नं १

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०७२ श्रावण | झोकाली | विद्यालय भत्केको | | ४ लाख बराबरको | | | ३० परिवार | समुदाय संगको छलफलबाट |
| बाढी | २०७३जेठ | पाली | ५ रोपनी खेतीयोग्य जमीन बगाएको | | २ बाखा, ४ गोरु बगाएको | १ जना घाइते | | | समुदाय संगको छलफलबाट |
| हावाहुरी | २०७४ वैशाख | मुस्याचोर र पाली | महिला सहकारी भवनको छानो उडाएको, विद्यालयको छानो उडाएको | | २ लाख बराबरको क्षति | | | | समुदाय संगको छलफलबाट |
| चट्यांग | २०६५ | सतबाँझ | १ घरमा क्षति | | १ भैसी मरेको | | | | समुदाय संगको छलफलबाट |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- पहिरोले : २०७२ भाद्र महिनामा झोकाली बस्तीमा विद्यालयमा क्षति पुर्‍याएको । यसले बालबालिकाको पठनपाठनमा अवरोध भएको ।
- बाढी : २०७३ साल जेठमा पाली खोलामा आएको बाढीले १० रोपनी खेत बगाएको ।
- हावाहुरी : २०७४ वैशाखमा आएको हावाहुरीले मुस्याचोरमा रहेको महिला विकास सहकारी संस्थाको भवनको छानो उडाएको र पालीमा रहेको विद्यालय भवनको पनि छानो उडाएको ।

चट्यांग : २०६५ सालमा सतबाँझमा परेको चट्यांगले एकजनाको घरमा क्षति पुर्‍याएको र एक भैसी मरेको

वडा नं २

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| आगलागी | २०५९ | कन्सिना | थुपारेको खरपात नष्ट | वनजंगल | | २ जना बालबालिका घाइते | जंगल विनास | स्थानीय समुदायका | समुदाय संगको छलफलबाट |
| चट्यांग | २०७४ असोज | कठपते | | | | २२ जना नेपाल आमी घाइते भएका | | | |
| विद्युत सट भई आगलाथि | २०७४ माघ | चमगाउँ | एकजनाको घरमा क्षति | | २ लाख बराबरको क्षति | | | | समुदाय संगको छलफलबाट |

## वडा नं ३

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| आगलागी | २०५९ जेठ | कन्सिना | थुपारेको खरपात नष्ट | वनजंगल | | २ जना बालबालिका घाइते | जंगल विनास | स्थानीय समुदायका | समुदाय संगको छलफलबाट |
| पहिरो | २०६३ असोज | ध्याडी | | | | | | | |
| विद्युत सट भई आगलाथि | २०७४ माघ | चमगाउँ | एकजनाको घरमा क्षति | | २ लाख बराबरको क्षति | | | | समुदाय संगको छलफलबाट |
| | | | | | | | | | |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- आगलागि : २०५९ सालमा जेठ महिनामा भएको आगलागिले खरफागलामा थुपारेको खर नष्ट गरेको २ बालबालिका घाइते भएका। यस्तै विद्युत सर्ट भई २०७४ माघमा भएको आगलागिले एकजनाको घरमा क्षति पुर्याएको र २ लाख बराको क्षति भएको।
- पहिरो : २०६३ साल असोजमा ध्याडीमा गएको पहिरोले स्थानीयको केही खेत बगाएको।

## वडा नं ४

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| जंगली जनावर | हरेक बर्ष | वडाभरी | | | खेतीबाली नष्ट हुँदा समस्या | | खेतीबाली नष्ट | वडाभरीका सबै | समुदाय संगको छलफलबाट |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| असीना | हरेक बर्ष | वडाभरी | | | खेतीबाली नष्ट हुँदा समस्या | | खेतीबाली नष्ट | | समुदाय संगको छलफलबाट |
| खडेरी | हरेक बर्ष | वडाभरी | | | खेतीबाली नष्ट हुँदा समस्या | | खेतीबाली नष्ट | | समुदाय संगको छलफलबाट |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- जंगली जनावर : दशरथचन्द नगरपालिकाको वडा नम्बर ४ मा हरेक बर्ष जंगली जनावरमा खास गरेर बाँदर आतंक छ। बाँदरले खेतीबारीमा लगाएको सबै अन्न नष्ट गर्न थालेपछि स्थानीयस्तरमा भोकमरीको सिर्जना भएको छ। यसका साथै जंगली जनावर भालुको आक्रमण समेत हुने गरेको पाइएको छ।
- असीना : हरेक बर्ष असीनाले खेतीबारी नष्ट गर्दा समस्या भएको छ।
- खडेरी : हरेक बर्ष हुने खडेरीले खेतीबालीमा प्रभाव पर्नुका साथै मानवीय जीवनमा पनि प्रभाव परेको छ ।

वडा नं ५

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०६७ श्रावण | पल्लाचौडाली | २० रोपनी खेत नोक्सान | | २० रोपनी खेतमा लगाएको बाली नष्ट हुँदा २ लाख बराबरको क्षति | | खेतीबाली नष्ट | | समुदाय संगको छलफलबाट |
| बाँदर आतंक | २०६४ सालदेखि | वडाभरी | | | खेतमा लगाएको सबै अन्नबाली तरकारीबाली नष्ट | | खेतीबाली नष्ट | | समुदाय संगको छलफलबाट |
| माटोखानमा पुरिनु | २०३६ | कर्पत | | | खेतीबाली नष्ट हुँदा समस्या | ३ जनाको मृत्यु | | | समुदाय संगको छलफलबाट |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- पहिरो : दशरथचन्द नगरपालिकाको वडा नम्बर ५ पल्लाचौडालीमा २०६७ श्रावणमा आएको पहिरोले २० रोपनी खेत बगाएको र यसले गाउँलेहरुको आर्थिक अवस्था कमजोर बनाएको पाइयो।
- बाँदर : २०६४ सालदेखि हरेक बर्ष बाँदरले खेतीपाती नष्ट गर्दा स्थानीयहरु भोकमरीको सामान गरिहेका छन्।
- माटो खान : २०३६ सालमा माटो खानमा पुरिएर दनपा कर्पतका ३ जनाको मृत्यु भएको र १ जना घाइते भएको ।

वडा नं ६

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०६२ | टाक | ६ घर बगायो | | घर बगाउँदा २० लाख बराबरको क्षति | १३ जनाको मृत्यु | खेतीबाली नष्ट | | समुदाय संगको छलफलबाट |
| चट्यांग | २०६५ | कालिका मन्दिर | | | | १ जनाको मृत्य | खेतीबाली नष्ट | | समुदाय संगको छलफलबाट |
| | २०७३ | गुइनाड | | | | ३ जना घाइते , १ जनाकोगर्भपतन | | | समुदाय संगको छलफलबाट |
| | २०७४ | सिम्तडी | | | | ३ जना घाइते | | | |
| बाढी | २०७३ | भम्क | | | | २ जनाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| आगलागी | २०७४ | नङतडी | | | २ घर आगलागी | ४ जना घाइते | | | |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- पहिरो : दशरथचन्द नगरपालिकाको वडा नम्बर ६ टाकमा आएको पहिरोले १३ जनाको मृत्यु भएको र यसले गाउँलेहरुको आर्थिक अवस्था कमजोर बनाएको पाइयो ।
- चटयांग : २०६५ सालमा चट्यां लागेर १ जनाको मृत्यु भएको, २०७३ सालमा ३ जना घाइते, एकजनाको गर्भपतन भएको र ०७४ मा सिम्तडीमा चट्यांग लागेर एकजना घाइते ।
- बाढी : २०७३ मा बाढी आएपछि २ जनाको बगेर मृत्यु भएको

## वडा नं. ७

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०५५ | सुरकाल | घर बगायो | | घर बगाउँदा १ करोड बराबरको क्षति | | घर जमीन,धारा बगाएको | | समुदाय संगको छलफलबाट |
| | २०४५ | सुरकाल | घर बगायो | | | | घर जमीन,धारा बगाएका | | समुदाय संगको छलफलबाट |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- पहिरो : दशरथचन्द नगरपालिकाको वडा नम्बर ७ सुरकालमा २०५५ सालमा आएको पहिरोले घर जमीन र धारा बगाउँदा धैरै क्षति भएको पाइयो । यस्तै २०४५ सालमा पनि सोही ठाउँमा पहिरोले क्षति पुर्‍याएको पाइयो

## वडा नं ८

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| भीरबाट खस्नु | २०५८ | भुट्के झुलाघाट | | | | १ जनाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| | २०७० जेठ | निलगाड | | | | १ जनाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| आगलागि | २०७४ कार्तिक १ | भतखला | १ घर जलेको | | घरजल्दा आर्थिक क्षति भएको भैसी जलेर मरेको | | | | समुदाय संगको छलफलबाट |
| | २०७३ फागुन २ | झुलाघाट | घर र पसल जलेको | | घर र पसल जल्दा आर्थिक क्षति भएको | १ बालकको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| चट्यांग | २०७३ मंसीर १० | धौलेली | १ घर जलेको | | | | | | |
| जनावर आतंक | २०६३ देखि | साङडी | | | बालीनाली नष्ट | | | | समुदाय संगको छलफलबाट |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- भीरबाट खस्नु : दशरथचन्द नगरपालिकाको वडा नम्बर८ भुटेकमा २०५८ सालमा भीरबाट खसेर १ जनाको मृत्यु भएको यस्तै २०७० साल जेठ ३ गते नीलगाडमा भीरबाट खसेर एकजनाको मृत्यु भएको पाइएको छ ।
- आगलागि : दशरथचन्द नगरपालिकाको वडा नं ८ भतखालामा २०७४ कार्तिक १ गतेका दिन भएको आगलागीमा एक घर जलेरनष्ट भएको । २०७३ फागुन २ गते झुलाघाटमा भएको आगलागिमा एकजनाको पसल र घर जली नष्ट हुँदा एक बालकको ज्यान गएको ।
- चट्यांग : २०७३ मंसीर १० गते धौलेलीमा चट्यांगका कारण भएको आगलागिमा १ घर जली नष्ट भएको
- जनावर आतंक (बाँदर) : २०६३ सालदेखि वडा नं ८ को साङडीमा बाँदरको आतंकले बर्षेनी बालीनाली नष्ट । यसले गर्दा भोकमरी हुने सम्भावना बढ्दै गएको

## वडा नं ९

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| चट्यांग | २०५८ | खर्की | विद्युतको वाइरिंग बिग्रको | | विद्युतको वाइरिंग बिग्रदा आर्थिक क्षति भएको | २ जना घाइते | गाई गोरु बाखा घाइते | | समुदाय संगको छलफलबाट |
| | २०७३ कार्तिक | अयारखाली | विद्युतको वाइरिंग बिग्रको | | | | | | समुदाय संगको छलफलबाट |
| आगलागि | २०७२ जेठ २३ | ग्वाल्लेक | वनमा डढेलो लागेको | | | | घास सुकेको, अल्लो बलेको | | समुदाय संगको छलफलबाट |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | २०७४ माघ १३ | सुन्नाखान | वनमा डढेलो लागेको | | | | रुख सुकेका पानीको मूहानमा समस्या | | समुदाय संगको छलफलबाट |
| बाढी | २०५२ असार | घट्टीगाड | | | | | बगेर एकजनाको खुट्टा भाँचिएको | | |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- चट्यांग : दशरथचन्द नगरपालिकाको वडा नम्बर९ खर्कीमा २०७२ सालमा चट्यांगले स्थानीयको घरमा गरिएको सबैवाइरिंग बिग्रको, गाईगोरु बाखा घाइते भएका र २ जना मानिस घाइते भएका । यस्तै अयारखालीमा चट्यांग पर्दा स्थानीयको घरमा गरिएको सबैवाइरिंग बिग्रको, गाईगोरु बाखा घाइते भएका।
- आगलागि : दशरथचन्द नगरपालिकाको वडा नं ९ ग्वाल्लेक जंगलमा २०७२ जेठ २३ गते भएको आगलागीमा वनजंगल डढेर सखाप भएको । यस्तै २०७४ माघ १३ गते ग्वाल्लेक जंगलमा भएको आगलागिले वनजंगल सखाप भएको यसले पानीका मूहानमा समस्या ल्याएको ।
- बाढी : २०५२ साल असारमा घट्टीगाडमा आएको बाढीले एकजना बगाउँदा खुट्टा भाचिएको

## वडा नं. १०

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | २०७० वैशाख १० | भेक्कर | खेतीयोग्य जमीन बगाएको | | जमीन बगाउँदा क्षति | | | | समुदाय संगको छलफलबाट |
| | २०७० श्रावण १० | बाराकोट | खेतीयोग्य जमीन बगाएको, खानेपानीको पाइप बगाएको | | जमीन बगाउँदा क्षति | | | | समुदाय संगको छलफलबाट |
| बाढी | २०७० असार २ | सेल्तडी, खडेनी | खेतीयोग्य जमीन नष्ट | | भोकमरीभएको | १ बच्चाको मृत्यु | | | समुदाय संगको छलफलबाट |
| जनावर आतंक | २०६३ सालदेखि | वडाभरी | | | बालीनाली नष्ट | बगेर एकजनाको खुट्टा भाँचिएको | | | |

माथी उल्लेखीत तालीकाको विस्तृत विवरण:

- पहिरो : दशरथचन्द नगरपालिकाको वडा नम्बर १० भेक्करमा २०७० वैशाख १० गतेको पहिरोले खेतीयोग्य जमीन बगाएको । यस्तै २०७० श्रावण ३० गतेको पहिरोले बाराकोटमा खेतीयोग्य जमीन बगाएको ।
- बाढी : दशरथचन्द नगरपालिकाको वडा नं १० खडेनी सिल्तडीमा महाकाली नदीमा आएको बाढीले खेतीयोग्य जमीन बगाएको । एक बालकको मृत्यु भएको ।
- जनावर आतंक : २०६३ सालदेखि निरन्तर रुपमा बाँदरले बालीनाली नष्ट गर्ने गरेको

## वडा नं. ११

| प्रकोप | साल महिना | स्थान | भौतीक क्षति | सामाजीक क्षति | आर्थिक क्षति | मानविय क्षति | प्राकृतीक क्षति | प्रभावीत परिवार | सुचना पुष्टयाईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| खडेरी | २०४२ सालदेखि | दनपा ११ | पानीको मूहान सुकेको | | | | पानीको मूहान सुक्दा | | समुदाय संगको छलफलबाट |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | बालीनालीमा ह्रास | | |
| आगलागि | २०७३,२०६५ ,२०६४ | दनपा ११ | घर जलेर नष्ट | मानसिक तनाव | घर निर्माण गर्नुपर्‍यो | | वनजंगल नष्ट | | समुदाय संगको छलफलबाट |
| जनावर आतंक | २०५२ | दनपा ११ | | | | भालुको आक्रमणमा एक जना घाइते | | | |
| चट्यांग | २०७३,७४ | दनपा ११ | | घरमा नोक्सानी | | | | | |

## २.४) प्रकोप मौसमी र बाली पात्रो विश्लेषण :

प्रकोप पात्रो

| प्रकोप /महिना | ३० बर्ष | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मसिर | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| बाढी/पहिरो | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| जलवायू परिवर्तन | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| महामारी - फोहोरमैला | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| जनावर आतंक | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| हावाहुरी /चट्याङ्ग | पहिले | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | |
| सडक दुर्घटना | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

मौसमी पात्रो

| मौसम /महिना | ३० बर्ष | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन बर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हिउदे बर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हिमपात | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

बाली पात्रो

| बाली /महिना | ३० बर्ष | बैशाख | जेठ | असार | श्रावण | भाद्र | असोज | कार्तिक | मसिर | पौष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मकै | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तरकारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### २.५) **संस्थागत** विश्लेषण :

विपद् पूर्वको पूर्वतयारी, रोकथाम र अल्पिकरण, विपद्को समयको प्रतिकार्य र विपद् पश्चात्को पुर्नस्थापना र पुनर्निमार्ण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, सुरक्षा उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय सस्थाहरू र अन्य मानवीय सेवा प्रदायक सङ्घसंस्था, वित्तीय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र, निजी क्षेत्र आदिको उपलब्धता, पहुँच र सम्बन्धको विश्लेषण गरिएको छ ।



## २.६) नगरपालिकाको स्रोत तथा क्षमता विश्लेषण:

| विवरण | नाम र रहेको स्थान ( कहाँ) | सङ्ख्या (कति) | क्षमता | अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| भौतिक स्रोत | | | | | |
| पुल | झोपप<br>पक्की | २६<br>५ वटा | ठिकै | | |
| सडक | सदवास-गोठलापानी-झुलाघाट मार्ग<br>२)त्रिपुरा सेरा सडक<br>२) नागार्जुन देखि सेरा महाकारी करिडोर<br>४) सदरमुकाम रीङरोड<br>५)गोठलापानी विनासौ<br>६) छेला दुर्गाभवाली रोड<br>७) त्रिपुरा इश्वरीगंगाभाम सडक खण्ड<br>९)देमान्धौ दुगाभवानी<br>१० देमान्डौ गिरेगाँडा सडक<br>११) देमान्डौ दुर्गास्थान सडक | १ | कालोपत्रे्<br>कच्ची सडक | ठीक | |
| बाँध | | | | | |
| विद्यालय भवन | | ५६ वटा | | | |
| सरुक्षित आवास तथा स्थान | | | | | |
| सामुदायिक चर्पी | | | | | |
| सञ्चारका साधन | | ६ वटा | | | |
| यातायतका साधन | | | | | |
| पूर्वसूचना प्रणाली | | | | | |
| लाइफ ज्याकटे | | | | | |
| डुङ्गा | | | | | |
| स्वास्थ्य संस्था ( जि.अ.। नगर स्वास्थ्य चौकी,स्वास्थ्य चौकी , बर्थिङ्ग सेन्टर ) | | २५ | | | |
| मानव संसधन | | | | | |
| आधारभतू खाजे तथा उद्धार तालिम प्राप्त जनशक्ति | | २५ | | | |
| जिल्ला विपद् प्रतिकार्यसम्बन्धी तालिम प्राप्त जनशक्ति | | ४ | | | |
| तालिम प्राप्त पौडीबाज | | | | | |
| तालिम प्राप्त स्वयंसेवक | | १८ | | | |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | | १२८ | | | |
| तालिम प्राप्त कृषि प्राविधिक<br>भेटनरी | | ९<br>६ | | | |
| शिक्षक | | ३५१ | | | |
| कर्मचारी<br>स्वास्थ्य कमी | | <br>८७ | | | |
| स्वयंसवेक | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सिकर्मी | | | | | |
| डकर्मी | | | | | |
| ““॥ | | | | | |
| ““॥ | | | | | |
| सामाजिक स्रोत | | | | | |
| सामदुायिक भवन | | ५ | | | |
| पाटी पौवा | | | | | |
| खानपोनी वितरण धारा | | | | | |
| मठ मन्दिर | जगन्नाथ मन्दिर<br>इश्वरी गंगाधाम<br>त्रिपुरा सुन्दरी<br>नागार्जुन मन्दिर<br>ग्वाल्लेक केदार<br>निगला सैनी मन्दिर<br>निरपाल मन्दिर<br>पंचदेवल<br>दानेश्वर मन्दिर | | | | |
| ““॥ | | | | | |
| ““॥ | | | | | |
| सामाजिक सरंचना | | | | | |
| महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरुको समूह | | ५५ | | | |
| आयआर्जनमा सक्रिय महिला समूह | | ४३ वटा | | | |
| निर्णय तहमा भएका महिला | | १ - मन्त्री ) | | | |
| शैक्षिक अवस्था (म/पु) | | | | | |
| ““॥ | | | | | |
| ““॥ | | | | | |
| आर्थिक स्रोत | | | | | |
| व्यापार व्यवसाय | | गढी शाहीलेक र गोठलापानी बजार | | | |
| उद्योग कलकारखाना | | साना तथा मझौला | | | |
| नोकरी | | | | समेष्ठिगत विवरण तयार हुहै गरेका। | |
| बचत समूह | | | | समेष्ठिगत विवरण तयार हुहै गरेका। | |
| विपद् व्यवस्थापन कोष | | १ वटा | | | |
| बैंक तथा वित्तीय संस्था | | १० | | | |
| ““॥ | | | | | |
| ““॥ | | | | | |
| प्राकृतिक स्रोत | | | | | |
| खेतीयोग्य भूमि | | ५८६०२ रो. | | | |
| अन्य (उल्लेख गर्नु पर्नेछ) | | | | | |
| निजी ताल तलैया | | | | | |
| प्राकृतिक धारा वा मू | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कुवा | | ३३९ | | | |
| नदीनाला | | ६ | | | |
| ताल तथा पोखरी | | १ | | | |
| सिँचाइको साधन र स्रोत | | कुलो | | | |
| वनजङ्गल (हक्टर वा रोपनी) | | | | | |
| खेर गइरहेको जमिन | | | | | |
| ““॥ | | | | | |
| ““॥ | | | | | |
| खेती गरिने मुख्य बाली | लगाउने समय | बाली थन्क्याउने समय | उत्पादन (मे. टन) | प्रयोग गरिने मल | बिउको उपलब्धता |
| धान | जेठ असार | असोज | | | |
| मकै | जेठ | भदौ | | | |
| गहुँ | मंसिर | बैशाख | | | |
| ““॥ | | | | | |
| ““॥ | | | | | |

**(यस विवरणका लागी नगरपालिकाको पाश्वचित्र नयाँ बन्ने अन्तिम तयारी रहेको त्यसको विवरण पछि उल्लेख गरिनेछ )।**

## ८. लक्षित समूह छलफल :

दशरथचन्द नगरपालिका समुदायका महिला, वालवालिका, सीमान्तकृत वर्ग, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति समेत सबै वर्गलाई समेटेर सङकटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोबाट प्राप्त सचूना तथा तथ्याङकको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समूहमा छलफल गरिएको हो । यस छलफलमा सबै सहभागीलाई समान रूपले आफना विचार र भनाई राख्न लगाई विपद् तथा जलवायु परिवतर्नका कारण त्यस वडाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैबिक विविधता, जलवायु जन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरुमा ३० बर्ष पहिले र हाल महसुस गरिएका असर तथा प्रभाव एवं भविष्यको अनुमानका बारेमा छलफल गरि निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ । विशेषगरी यो छलफल बालिका र महिला केन्द्रित गरिएको छ ।

| क्र. सं. | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको प्रभाव | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|---|---|
| १ | सडक दुर्घटना | कच्ची रोड थियो भने गाडी चाँप कम थियो । | सडक पक्कि भएको तथा गाडीको चाँप बढी भएको, विद्यालय | सडक असुरक्षा | जनसख्या वृद्धि आधुनीकरण | द.न.पा १ गुरखोला देखि बाराकोट सम्म विद्यालय क्षेत्र प्रवेश स्थलमा स्पिड ब्रेकर र जेब्रा कसको व्यवस्थान गर्ने । |
| २ | तापक्रममा वृद्धि हुनु | ठीक मौसमामा पानी पर्ने जाडो हुने वनजंगल हराभरा थिए । | खडेरी, भोकमरी पर्नु पानीको अभाव हुनु | जनसंख्या वृद्धि,, जलवायु परिवर्तन हुनु | वनजंगल फडानी हुनु | वृक्षा रोपणगर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | बन्यजन्तु लोप हुनु | जनघनत्व कम थियो। घना वनजंजल भएकाले पशु पंछी प्रसस्त पाइन्थे | बन्य जन्तु लोप हुदै गएको छ । | जलवायु परिवर्तन हुनु | वनजंगल फडानी हुनु, चोरी शिकारी बढ्नु | वनजंगल जोगाउन नेपाल सरकारको दरिलो कानून बन्नु पर्ने र चोरी शिकारी गर्नेलाई कारवाही गर्ने वृक्षारोपण |
| ४ | पानीको मुहान सुक्नु | पहिले वातावरण हराभरा भएकाले पानीका मुहान जतातत्तै थिए । प्रसस्त पानी थियो | खानेपानीको समस्या अभाब भएको र पानीजन्य प्रकोपको वढी भएको । | जलवायु परिवर्तन | बनजंगल विनाश गर्नु | पानीको मुहान तथा खाली डाँडामा वृक्षारोपण गर्ने, पानीको मुहान संरक्षण गर्ने |
| ५ | जडीबुटी लोप हुनु | पहिले बस्ती पातलो भएकाले कुनै रोग लागेमा पनि जडीबुटी प्रयोग गर्दा निको हुन्थ्यो । | जंगलमा जडीबुटी हराएको छ | पानी नपर्नु | जडीबुटी चोरी निकाशीहुनु, स्थानीय श्रोत साधनको अत्यधिक प्रयोग हुनु | जडीबुट संरक्षण गर्न पहल गर्ने, जडीबुटीको खेती गर्ने चोरी निकासी गर्नेलाई कारवाही गर्ने । जनचेतनामूलक कार्यक्रम गर्ने |

# खण्ड - ३ : दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति

## ३.१ दिर्घकालिन सोंच

दशरथचन्द नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा जलावयुजन्य जोखिम व्यवस्थापनका कार्यलाई संस्थागत गरि विपद् उत्थानशील समुदाय तथा नगरको रुपमा निर्माण गर्ने यसको दिर्घकालिन सोंच हुनेछ ।

## ३.२ परिदृश्य

दशरथचन्द नगरपालिकाको विपद् जोखिम न्यूनीकरणका तथा जलवायुजन्य जोखिम व्यवस्थापनका क्रियाकलापहरुमा समुदायको अधिकतम सहभागिता मार्फत हरेक समुदायको विपद् तथा जलवायु उत्थानशील योजना निर्माण गरि कार्यान्वयन गर्ने र विपद्बाट हुने मानविय, सामाजिक, आर्थिक, भौतिक तथा जीविकोपार्जनका साधनहरुमा हुने क्षतिमा कम गर्दै समुदायको उत्थानशीलतालाई सुदृढ गर्नु यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको परिदृश्य हुनेछ ।

## ३.३ लक्ष्य

दशरथचन्द नगरपालिकामा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै नगरपालिका तथा समुदायको विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माण गर्न योगदान पु-याउनु ।

## ३.४ उद्देश्य

क) स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा गर्न न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गर्नु।

(ख) स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद् तथा जलवायुजन्य जोखिम व्यवस्थापनका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय विकास प्रक्रियामा मुलप्रवाहीकरण गरी विपद् तथा जलवायु उत्थानशील समुदायको निर्माणमा योगदान गर्नु,

(ग) स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्ग (महिला , बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तिहरू, नेपाल सरकारले लक्षित समूह भनी परिभाषित गरेका वर्ग) को समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

## ३.४ नीति

स्थानीय तहमा रहेका सरकारी, गैरसरकारी तथा निजी तथा सार्वजनिक निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।

## ३.५ रणनीति

- नगरपालिकामा रहेका सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँगको समन्वय तथा सहकार्यमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुको गठन गर्ने, स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना निर्माण गर्ने तथा उक्त समिति मार्फत समितिका सदस्य तथा पदाधिकारी एवं समुदायका व्यक्तिहरुलाई विपद् तथा जलवायु सम्बन्धिका गतिविधिहरुमा सहभागिता गराई क्षमता विकास गराउने ।
- उक्त योजनाको कार्यान्वयनका लागि स्थानीय तहले आफ्नो स्थानीय स्तरमा उपलब्ध साधन, स्रोत, साँस्कृतिक तथा पर्यावरणीय संरचना अनुकुल विभिन्न रणनीतिहरु अवलम्वन गर्न सक्नेछ ।
- समुदायमा रहेका प्रकोप तथा जोखिमको पहिचान तथा क्षमताको लेखाजोखा, योजना निर्माणका सबै प्रक्रियामा समुदायका अति जोखिममा रहेका समूह तथा वर्गको समानुपातिक सहभागितालाई सुनिश्चित गरि योजनाको कार्यान्वयन गर्ने ।
- स्थानीय विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गर्दा अति जोखिम तथा संवेदनशिल स्थानमा रहेका बस्तीहरुलाई सुरक्षित स्थानमा स्थान्तरणको लागि प्रोत्साहन गर्ने ।
- आगलागी तथा  पहिरोबाट हुने मानविय तथा भौतिक क्षतिलाई रोक्नकालागि  पुर्वसूचना प्रणालीको स्थापनाका लागि समन्वय तथा सहकार्य गरि  पहल गर्ने ।
- समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय ज्ञान, सीप, श्रोत र साधनको उपयोग गर्ने ।
- स्थानीय तहमा विपद् जोखिम तथा जलवायु अनुकुलनका कार्यक्रमहरुलाई स्थानीय बार्षिक तथा आवधिक विकासका योजनाहरुमा मूलप्रवाहिकरण गर्दै लैजाने ।

# खण्ड - ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरु

(प्रकोपको सन्दर्भमा)

दशरथचन्द नगरपालिकाको विपद् जोखिम व्यवस्थापनका कार्यक्रमलाई मूलभूत रूपमा मानव संसाधन तथा संस्थागत विकास योजना, भौतिक पूर्वाधार विकास, प्राक्रितिक स्रोत संरक्षण, जीविकोपाजनमा सुधार, नीतिगत क्षेत्रमा गर्नु पर्ने कार्यहरू तथा विकास कार्यमा विपद् जोखिम न्यूनीकरणका विधिको मूलप्रवाहीकरण गर्नेजस्ता प्रमुख क्रियाकलापलाई आधार मानेर स्थानीय समस्या समाधान गर्ने क्रियाकलापलाई निम्नबमोजिको ढाँचामा प्रथामिकीकरणका साथ योजनामा समावेश गरिएको छ। नगरपालिकाको संकटासन्ता तथा क्षमता विश्लेषण, समुदायबाट प्राप्त सुझाव तथा प्रस्तुत गरीएको समस्या, नगर स्तरीय योजना तर्जुमाबाट आएका समस्या तथा समाधानका लागी गरीएका सुझावका आधारमा योजना निर्माण प्रक्रियालाई उठान गरिएको छ।

## ४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणामबमोजिम अत्यधिक जोखिम रहेका समुदाय वा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नु पर्ने क्रियालापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्राथमिकीकरण गरिएको छ । यस चरणमा गर्नु पर्ने कार्यलाई निम्न दुई खण्डामा विभाजन गरी प्राथमिकता निर्धारण गरी योजना निर्माण गरिएको छ।

## ४.२. विपद् पहिले गरिने क्रियाकलापहरुः

दशरथचन्द नगरपालिका भित्र विपद्बाट हुन सक्ने सम्भाव्य क्षतीलाई कम गर्नका लागि विपद् हुनु भन्दा पहिले नै विपद् पूर्वतयारी र न्यूनिकरणका लागि गर्नुपर्ने क्रियाकलापहरुलाई योजनाको यस शिर्षक अन्तर्गत राखिएको छ। विपद् अघि गरिने क्रियाकलापहरुलाई जीविकोपार्जनका निम्न पाँच आधारहरुमा बर्गिकरण गरी व्याख्या गरिएको छ ।

**(क.) मानव संसाधन तथा संस्थागत विकासः**

प्रकोप संकटासन्न समुदायलाई आफ्नै क्षमताले विपद् जोखिम सामना गर्न र प्रकोपका कारण हुने क्षती न्यूनीकरण गर्न आवश्यक तालिम तथा प्रशिक्षण कार्यक्रमहरुको आयोजना, स्वयम् सेवक टोली छनौट, आधारभूत प्राथमिक उपचारको ज्ञान, सामान्य खोज तथा उद्धारको सीप विकास, पौडी खेल्ने सीपको विकास, डुङ्गा चलाउने सीपको विकास, पूर्वसूचनाको आदान प्रदान गर्ने सीपको विकास, सूचना तथा तथ्याङ्कहरुको अभिलेखन र अध्यावधिक गर्ने सिप आदि कुराहरुको सही व्यवस्थापन गर्न सकिएको खण्डमा विपद् जोखिम न्यूनिकरण गर्न सकिन्छ। जसका लागी मानवीय जनशक्तिको विकास गर्नु पर्ने कुरामा जोडदिएको छ।

**(ख.) भौतिक पूर्वाधार विकासः**

पहिचान भएका प्रकोपहरुबाट हुन सक्ने क्षती कम गर्न आवश्यक भौतिक पूर्वाधारहरुको निर्माण जस्तैः सुरक्षित मार्ग, सुरक्षित स्थान, पुल, कल्भर्ट, पानी निकास, ढल, तटबन्ध, छेकबाँध, भण्डारण केन्द्र, नहर तथा कुलो निर्माण, सूचना वोर्डको निर्माण, सुरक्षित खानेपानीका धाराहरुको निर्माण बालवालिकाहरुलाई विपदको समयमा पर्ने प्रभाव नियन्त्रण, विद्यालयको छाना मर्मत, खेलमैदानको सरंक्षण आदिको उचित प्रयोग गरी विपद् जोखिम न्यूनिकरण गर्न सकिन्छ।

**(ग.) प्राकृतिक स्रोत संसाधन सुधारः**

मानव जीवनको आधार प्राकृतिक स्रोत साधनमा रहेको छ। यसर्थ विपद्बाट हुनसक्ने सम्भाव्य जनधनको क्षती कम गर्नका लागि प्राकृतिक स्रोत साधनको उचित र अधिकतम परिचालन गर्न अत्यावश्यक हुन्छ। बैतडी जिल्ला तथा दशरथचन्द नगरपालिका जलवायू परिर्वतको असरको हिसावले उच्च जोखिममा रहेको हुदाँ बृक्षारोपण, नाङ्गगा डाँडाको संरक्षण, पानीको मुहान संरक्षण, सार्वजनिक बाँझो जमीनको व्यवस्थापन आदि विविध प्रकृतिका क्रियाकलापहरु गर्न सकेमा विपद् जोखिमलाई न्यूनिकरण गर्न सकिन्छ । तसर्थ प्राकृतिक स्रोत संरक्षणमा यस योजनामा विशेष चासो व्यक्त गरीनुका साथै विकास निर्माण प्रक्रियालार्य वातावरण मैत्री गराउनु जोड दिइएको छ ।

**(घ.) आयआर्जन सुधारका लागि अवसरहरुको विकासः**
प्रकोप संकटासन्न समुदायहरुको जिविकोपार्जनका क्रियाकलापहरुमा प्रकोपले पारेको प्रभावले उनीहरुको आयआर्जनको अवस्था कमजोर भएको पाईन्छ। यस्तो अवस्थामा दशरथचन्द नगरपालिकालाई कहिले खडेरी हावाहुरी असीनाले बढी जसो बालीनाली तथा फलफुल खेतीमा बढी असर गरेका अवस्था छ। यदि त्यस्ता समुदायहरुमा जोखिम न्यूनिकरण र आयआर्जनका क्रियाकलापहरुलाई एकिकृत रुपमा सञ्चालन गर्न सकियो भने उनीहरुको विपद् जोखिम सामना क्षमता अभिवृद्धि हुन गई समुदाय उत्थानशिलता तिर उन्मुख हुन सक्दछ। यसका लागि घाँस रोपन, व्यवसायिक तथा जलवायू अनुकुल तरकारी खेति, उन्नत पशुपालन, मौरी पालन, माछा पालन, फलफूल खेती आदिको प्रवर्द्धन गर्न सकिन्छ।

## ४.३. विपदको समयमा गरिने क्रियाकलापः
विपद्को समयमा प्रभावितहरुको अवस्थालाई विग्रन नदीन एवम् जनधनको सुरक्षा गर्न खोज उद्धार, प्राथमिक उपचार, राहत वितरण, सुरक्षित स्थानमा स्थानान्तरण, व्यक्तिगत सुरक्षा आदिको आवश्यकता पर्दछ। यसर्थ विपद्को अवस्था भन्दा पहिले नै सम्भावित क्षतीको सर्वेक्षण र आँकलन गरी आवश्यकताको निर्धारण, खोज उद्धार सामग्री संकलन र भण्डारण, प्रभावितहरुका लागि आवश्यक खाद्य तथा गैरखाद्य सामग्रीको व्यवस्थापन गरीनेछ।

## ४.४ विपद् पश्चात गरिने क्रियाकलापः
विपद् पश्चात प्रभावितहरु सामान्य अवस्थातिर आउन थालेपछि प्रभावितहरुको दीगो व्यवस्थापन गर्नु पर्ने हुन्छ। यसका लागि पुनःनिर्माण र पुनःस्थापनाका क्रियाकलापहरु सञ्चालन गर्ने गरिन्छ। यी क्रियाकलापहरु सञ्चालन गर्दा भोलीका दिनमा पुनः यस्तो अवस्था नदोहरियोस भन्ने कुराको सुनिश्चित हुन आवश्यक छ। त्यसैले विगतमा त्यस क्षेत्रमा भएको क्षतिको शुक्ष्म विश्लेषण गर्नु पर्दछ। जसले गर्दा यस्तो अवस्था दोहरिन सक्ने सम्भावना न्यून हुन्छ। यसका साथै विपद्का कारण विछोडिएका परिवारको मीलन, पूर्वाधारको विकास, प्रतिउपलब्धी तथा पुनर्लाभका कार्यहरु, कृषिवाली र पशु विमा एवम् भावी योजना तर्जुमा गर्न अत्यावश्यक हुन्छ।

## ४.१.१ नीतिगत व्यवस्था तथा निर्णयः
नगरपालिकाले विपद् जोखिम व्यवस्थापनका कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार जिम्मेवारीसहित कार्यदलहरू (जस्तै-समन्वय, सञ्चार तथा पूर्वचेतावनी; खोज तथा उद्धार; राहत व्यवस्थापन तथा पुनःस्थापन; क्षति तथा आवश्यकता विश्लेषणजस्ता कार्यदल) गठन गरेको छ। त्यसैगरी प्रचलित नेपाल कानुनबमोजिम आवश्यक नीतिगत निर्णय समेत गरी रणनीतिक कार्यहरू निर्धारण गरी उपयुक्त ढाँचामा उल्लेख गर्नु गरीनेछ ।

## ४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि :
दशरथचन्द नगरपालिकाले आफ्नो क्षेत्रमा विपद प्रति रहेको अज्ञानता हटाएर जोखिम व्यवस्थापनमा समुदायको सजगता अभिवृद्धि गर्न जनचेतना र क्षमता अभिवृद्धिका कार्यलाई निम्नबमोजिमको ढाँचामा प्राथमिकताक्रम अनुसार उल्लेख गरिएको छ।

| प्राथमिकता क्रम | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | विपद सम्बन्धी जनचेतनाको अभाव | १) नगरपालिका स्तरमा कम्तिमा ७ दिनको विपद व्यवस्थापन प्रशिक्षक प्रशिक्षण संचालन गर्ने,<br>२) नगरपालिकाका ११ वडाका ( एक वडाकाकम्तिमा ३ स्थानमा) विपद जोखिम न्यूनीकरण, जलवायू परिवर्तन असर तथा अनुकुलनका उपायहरु, जोखिम | स्था.वि.त था ज.उ समिती/ नगरपालिका | नगरपालिका , रेडक्रस तथा नगरका विषयगत शाखा | विकास साझेदार सरकारी तथा गैर सरकारी निकायहरु | १ वर्ष भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्बन्धी ज्ञान विद्यालय तथा समुदायलाई अभिमुखिकरण गर्ने | | | | |
| २ | वडा स्तरमा विपद व्यवस्थापन समिती तथा योजना नहुनु | नगरपालिकाका सवै वडाहरुमा सामुदायीक विपद् व्यवस्थापन समिती गठन गर्ने र वडामा विपद व्यवस्थापन योजना निर्माण गरी वडा सभाबाट अनुमोदन गरी कार्यान्वयनमा ल्याउने । | वडा कार्यलय | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | २०७५ अषाढ मसान्त भित्र |
| ३) | विपद् प्रतिकार्य कार्यदल नहुनु | नगरापालिका भित्र विपद प्रतिकार्यका लागी माथी उल्लेखित रणनिती अनुरुपा निम्नानुसार कार्यदल गठन गर्ने :<br>• समन्वय तथा सूचाना कार्यदल<br>• खोज तथा उद्धार कार्यदल<br>• प्राथामिक उपचार कार्यदल<br>• क्षति विश्लेषण कार्यदल<br>• राहत वितरण तथा व्यवस्थापन कार्यदल<br>• कृषि तथा खाद्य सुरक्षा कार्यदल<br>• संरक्षण कार्यदल( महिला बालवालिका तथा अपाङ्ग)<br>• स्वास्थ्य तथा पोषण कार्यदल<br>• शिक्षा कार्यदल<br>• गैर खाद्य तथा आपतकाली आवस कार्यदल । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | जिल्ला विपद व्यवस्थापन समति तथा नेपाल रेडक्रस सोसाइटी | | १ वर्ष भित्र । |
| ४) | विपद प्रतिकार्यका लागी दक्ष जनशक्तिको अभाव | सुरक्षा निकायका प्रतिकार्य कर्ता बाहेक समुदाय स्तरमा पनि निम्नानुसार संख्यामा दक्ष जनशक्ति तयार गर्ने :<br>१) द.न.पा.का सवै वडामा कम्तीमा ३० जना सामुदायीक खोज तथा उद्धार कर्ता, ३० जना प्रथामिक उपचार कर्ता तयार गर्ने | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | जिल्ला विपद् व्यवस्थापन समति तथा नेपाल रेडक्रस सोसाइटी र नगरपालिकाको स्वास्थ्य शाखा | | २ वर्ष भित्र |
| ५ | विद्यालयहरु सुरक्षित स्थानमा नहुनु र बालवाकिलाहरु | विद्यालय सुरक्षाका लागी निम्नानुसारका गतिविधीहरु संचालन गर्ने : | वडा स्तरी विपद व्यवस्थापन समिती | स्था.वि.तथा ज.उ समिती/ | | १ वर्ष भित्र । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विपद्को प्रभावको वारेमा सचेत नहुनु | १) नगरभित्रका सवै विद्यालयहरुमा विद्यालय स्तरीय विपद व्यवस्थानप समिती गठन गर्ने , र विद्यालय जोखिम नक्सांकन गर्ने र विद्यालय सुरक्षा योजना निर्माण गर्ने<br>२) विद्यालय क्षेत्र भित्र जोखिम पहिचान, सुरक्षित स्थानको पहिचाहन गर्ने तथा विद्यार्धीहरुलाई जानकारी गराउने ।<br>३) भुकम्पीय सुरक्षाका लागी विद्यार्थीहरुलाई झटपट झोला र डिल अभ्यास गराउने ।<br>४) प्रत्येक दिन प्राथानाको समयमा विपद सम्बन्धीको सन्देश प्रभाव गर्ने<br>५) वालक्लवलाई बलियो बनाउने र विपद सिकाइ सेन्टरको विकास गर्ने<br>६) बालवालिकाहरुका लागी प्राथामिक उपचार तथा खोज तथा उद्धार सम्बन्धी तालिमको व्यवस्था गर्ने । | तथा नगरपालिकाको शिक्षा शाखा | नगरपालिका<br>विद्यालय सुरक्षा कार्यक्रम | | |
| ६) | विपद समयमा आपतकालीन ज्ञानको अभाव | नगरापालिका सवै वडामा पहिरो, भुकम्प,हावाहुरी,आगलागी,चट्यांग,लागाएतका विपदको समयमा गर्ने पने आपतकालीन पुर्वतयारीका बारेमा सचेतना अभियान सुरु गर्ने र कम्तीमा ५ स्थानमा कृतिम घटना अभ्यास गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | नेपाल रेडक्रस सोसाइटी बालवाकिला केन्द्रित विपद जोखिम न्यूनीकरण कार्यक्रम | | प्रत्येक वर्ष |
| ७) | सुरक्षित स्थानको वारेमा जानकारी नहुनु | नगरपालिकाका सवै वडामा विद्को समयमा हुने व्यवस्गापन कालागी सुरक्षित स्थानको पहिचान गर्ने, सुरक्षित स्थान प्रयोग सम्बन्धी योजना बनाउने | व्डा स्तरीय विपद् व्यवस्थापन समिती | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका तथा रेडक्रस | | **१ वर्ष भित्र** |
| ८) | विपद् प्रतिकार्य सामाग्री व्यस्थापन तथा राहत भण्डारण नुहुन | सवै वडामा विपद् प्रतिकार्य सामाग्री राख्ने र राहत व्यवस्थापनका लागी नगरपालिकाको उपयुक्त स्थानी पहिचाहन गरी गोदाम घरको व्यस्थापन गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | नेपाल रेडक्रस सोसाइटी | | **१ वर्ष भित्र** |
| ९) | मपदण्ड विपरीत भवन निर्माण तथा भवन निर्माण | १) भवन निर्माण गर्दा मापदण्ड पुराउन लगाउने । | स्था.वि.तथा ज.उ समिती/ | सहरी विकास तथा भवन | | **ीनयमित** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आचार सिंहताको पालना नहुनु । | २) भवन निर्माण आचार सहिँता कडा रुपमा पालना गराउन लगाउने ।<br>३) भुकम्पीय सुरक्षाका लागी सचेताना अभियान संचालन गर्ने | नगरपालिका | डिभिजन कार्यलय | | |
| १०) | समन्वयको अभाव | १) जिल्ला स्तरीय विपद समबन्धी सरोकारवाला निकाय संग प्रभावकारी समन्वय संरचना विकास गर्ने<br>२) विपद् सूचना प्रणाली लाई संस्थागत रुपमा स्थापित गर्ने<br>३) सुरक्षा निकाय संगको समन्वयलाई प्रभावकारी बनाउने ।<br>४) जिल्ला स्तरीय सरोकारवाल कार्यालयहरुमा विपद सम्पर्क व्यक्ति तोक्न पहल गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | जिल्ला विपद् व्यस्थाथापन समिती | | **आवश्यकता अनुसार** |
| ११ | आपतकालीन स्वास्थ्यका बारेमा सचेतना कमी | १) आपतकालिन स्वास्थ्य जस्तै महाकारी, खोप, स्तनपान सरुवा रोगका बारेमा नगरका सवै वडामा सचेतीकरण गर्ने ।<br>२) सवै वडा तथा विद्यालयहरुमा १ थान स्टेचर र प्राथामिक उपचार किटको प्रदान गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिकाको स्वास्थ्य शाखा | वडा स्तरीय विपद व्यवस्थापन समिती , रेडक्रस | | **२ वर्ष भित्र** |
| १२ | सडक दूर्घटना | गुरुखोला देखि झुलाघाट सम्मको रोडमा विद्यालय जाँदा विद्यार्थीहरुलाई रोडक्रस गरेर मात्र विद्यालय जाने अवस्था रहेका हुँदा विद्यालय अगाडी जेब्राकसको व्यवस्था,होडिङ्ग बोर्ड र सडक सुरुक्षा सचेतना अभियान गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | जिल्ला ट्रफिक प्रहरी कार्यालय | | **१ वर्ष भित्र** |
| १३ | बादर तथा बदेंल आतंक | १) जंगल आगलागी हुनबाट रोक्ने<br>२) जंगल संरक्षण तथा वृक्षारोपण गर्ने ।<br>३) बादर धपाउनको लागी विभिन्न स्टेशन स्थापना गर्ने | वडा कार्यालय | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | **हरेक वर्ष** |
| १४ | लैंगिक हिँसा, संरक्षण र सहभागीतामा समस्या | १) मदिरा नियन्त्रणका लागी अभियन संचालन गर्ने ।<br>२) विपदको समयमा महिला तथा बालवालिकाहरुलाई तथा महिला र अपाङ्गको संरक्षणलाई प्रथामिकता गर्ने ।<br>३) विपद व्यवस्थापनमा बालवालिका र महिलाको अर्थपुण सहभागिता सुनिश्चित गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | वडा कार्यलय , बाल क्वल, महिला समुहहरु | | **हरेक वर्ष** |

### ४.१.३ जोखिम न्यूनीकरण/अल्पीकरण :

नगरपालिका भित्र रहेका विपद्जन्य सङ्कटासन्नता तथा जोखिम कम गर्न गर्नु पर्ने कार्यलाई निम्न बमोजिमको खाकामा प्राथमिकता अनुरूप उल्लेख गरीएको छ। यसमा ग्रामीण सडक, सिंचाई, कल्भर्ट, पुल, विद्यालय वा अन्य सार्वजनिक भवनको  प्रवलीकरण; प्राकृतिक स्रोतको संरक्षण, नदी तटबन्धजस्ता क्रियाकलापहरूलाई प्रकोपको स्तरीकरणका आधारमा प्राथमिकताक्रम अनुसार उल्लेख गरीएको छ। सम्बन्धीत योजनाको प्राविधिक मुल्यांकन भइ नसकेको हुँदा बजेट उल्लेख गरीएको छैन। विपद व्यवस्थापनका कार्यलाई सवलीकरण गर्नको लागी अल्पीकरणका गतिविधीहरलाई बढी जोड दिइएको छ।

| क.स | प्रमुख समस्या तथा जोखिम | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा बजेट | आन्तरिक | बाह्य (सहयोगी) | |
| १) | भुकम्प | १) कम्तिमा ५० परिवारलाई व्यवस्थापन गर्न सक्ने ३ वटा भुकम्प प्रतिरोधात्मक सुरक्षित आवस केन्द्रको निर्माण।<br>२) हरेका भौतिक पूर्वाधार निर्माण गर्दा भुकम्पीय दृष्टिकोणबाट सुरक्षित गर्ने। | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | भवन डिभिजन कार्यालय | प्रदेश सरकार | ५ वर्ष |
| २) | बाढी/पहिरो | १) झुकाली देखी मइडे खोला सम्म तटबन्ध वडा-१<br>२) बलेगाड देखि भैसेगाड सम्म तटबन्ध-३<br>३) पार्स देखि घट्टीगाड सम्म तटबन्ध-९<br>४) कोइरालीटोलमा पहिरो नियन्त्रण-७<br>५) धारीधरीयालामा बायो इन्जीनेरीङ्ग-७<br>६) बसई टोलमा पहिरो नियन्त्रण-२<br>७) पैयाँबास देखि डिबडे विछोडी खोलामा तटबन्ध ११<br>८) भिमचुला डाँडामा पहिरो नियन्त्रणका लागी तारजाली ९<br>९) जगदम्बा प्रा.वि. स्कुल कलौनमा पर्खाल निर्माण १  तथा वडा नं ५ को नौहाट जगनाथ आधारभुत विद्यालय छाना स्लेट फालेर जस्ताले छाउनु पर्ने।<br>१०) पालीखोला देखि सुनी सम्म तटबन्ध निर्माण १<br>११) बगलेखाना मावीमा घेरापर्खाल ११<br>१२) बरकुवालीमा आधारभुत विद्यालयमा घेरा पर्खाल ३<br>१३) मुस्याचौर कैलपाल लमगन्डा सडकमा पर्खाल १<br>१४) लमौता मा.वि.मा घेरापर्खाल ९<br>१५) केदार मन्दिर नजिक हसिंया खोलामा पहिरो नियन्त्रण ७<br>१६) नाजार्जुन मन्दिरमा घेरा पर्खाल ११<br>१७) द.न.पा टाक जुलाघाट बगछाना जेवाली सेरा जगदम्बा मावी रानीबुङ्गा | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सिमललेक घट्टीगाड गोठलापानीमा ढलनिकास गर्ने ।<br>चेकड्याम निर्माण, अनाबवश्यक रुपमा बन तथा सडक कटान नियन्त्रण गर्ने । (५,६,४,८)<br>१८) इश्वरी गंगा धाम नजिक पहिरो नियन्त्रण गर्ने ।<br>१९) श्री जगदम्बा मावि रानीबुङ्गा विद्यालयको भल व्यवस्थापन तथा पहिरो रोकथाम ।<br>२०) हल्लेख विद्यालयमा तार जाली पर्खाल निर्माण गर्ने ।<br>२१) भैसीगौडा औला निलगढ सडक खण्डमा पर्ने ५ घर तथा चक्रपथ नौहाट सडक खण्डमा पर्ने २ घर हरु जोखिममा परको हुँदा पर्खाल निर्माण गर्नुपर्ने । दुवै स्थानमा पर्खाल निर्माण गर्नु पर्ने । | | | | | |
| ३) | आगलागी | द्य.न.पा सुन्दरखाली,बस्कोट चम्लेख मारकन्डा गाँउ, आला , कमर्त , सिमली नङतडी डुङरा, सागडी गोठलापानी बजार क्षेत्र र बनकार्यालय सम्म, राहत सामाग्री खरीद र साइरन र अग्नीरेखा निर्माया गर्ने ।<br>२) दनपा ५ सुन्दरखालीमा आकाशे ट्याङक निर्माण गर्ने ।<br>३) आकाशे ट्याङक निर्माण - १ | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | | |
| ४) | जलवायू परिवर्तन | १) वडा ९ ,७,१, तथा नपा क्षेत्रमा रहेका सडक किनार र विद्यालयमा रहेका खाली जमीनमा वृक्षारोपण गर्ने ।<br>२) कटानी भएको जंगलहरुमा पुन वृक्षारोपण गर्न व्यक्ति तथा उपभोक्ता समितीहरुलाई जानकारी गराउने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | | |
| ५) | जंगली जनावर आतंक | बादरको बन्ध्याकरण गर्ने । बादर व्यवस्थापन गर्न आवश्यक टोली र बजेटको व्यवस्था तथा विभीन्न उपाएको अनुसन्धान गर्ने ।<br>२) पशु विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचानल गर्ने ,<br>३) पशुमा हुने महामारी नियन्त्रण गर्न अभियान संचालन गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | | |
| ६) | महामारी - फोहोरमैलाका कारण) | १)शाहीलेख बजार देखी गोठलापानी सम्म ढल निकासका साथै सरसफाई अभियान संचालन गर्ने ।<br>२)नगरापालिका भित्रका सवै बजार क्षेत्रमा सार्वजनिक शौचालनय निर्माण गर्ने र भएकार शौचालयहरुको व्यवस्थापन गर्ने<br>३) नगरसरफाई अभियान संचालन गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७) | हावाहुरी/चट्याङ्ग | १) नगरपालिका भित्रका पुराना विद्यालयहरुमा छाना मर्मत तथा निर्माण गर्ने । | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | १ वर्ष भित्र |
| ८) | खडेरी | १) ढाँडखोला देखि बन्तड सम्म सिचाई १<br>२) मौरीखोला देखि भिमचुला सम्म सचाई कुलो निर्माण वडा ९<br>३) उजलेखाली देखि कनघर सम्म सिचाइ कुलो निर्माण वडा ९<br>४) पैयाबास देखि सिम सम्म सिचाइ कुलो निर्माण ११<br>५) फलाखर्क सिचाइ कुला निर्माण २<br>६)थलाल गाँउ सिचाइ कुला निर्माण २<br>७) रजाड सिचाइ कुलो निर्माण २<br>८) सुतेगाड देखि वरकाली सम्म सिचाइ कुलो निर्माण ३<br>९) सिराड गाड देखि सुरकाल सम्म सिचाइ आयोजना ७ नम्बर<br>१०) ऐचे काडामा सिचाइ कुलो निर्माण ७<br>११) रन्जुला कोटमा आकेशे टंकी निर्माण २<br>१२) | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | |
| ९) | नदी कटान | १) चौलानी नदी प्रवलीगाड घट्टीगाड महाकाली नदीमा तटबन्द निर्माण गर्नृ र वृक्षारोपण गर्ने । (४,५,६,८ र१०)<br>२)क) द.न.पा ६ शेरा महाकाली नदी र चौलानी नदीमा तटबन्ध निर्माण<br>ख) वडा नम्बर ४ केजरीबाडमा पुल निर्माण गर्ने ।<br>३) वडा नम्बर १० को तिर खडेनी र बुड्डामा महाकाली नदी तटबन्ध निर्माण ।<br>४) वडा ८ को झलाघाट देखि महारा बगर सम्म तटबन्ध निर्माण<br>५) ढाँडखोलामा तटबन्ध निर्माण १<br>६) पालीखोलामा तटबन्ध निर्माण १<br>७) जोलाघट्टमा तटबन्ध निर्माण २<br>८) थलाल गाउँमा तटबन्ध निर्माण २<br>९) चिलौनीगाड खोलामा तटबन्द निर्माण ९<br>१०) नानीगाड खोलामा तटबन्ध निर्माण ११<br>१२) कन्सनीगाडमा तटबन्ध निर्माण ३<br>१३) सिलाड गाउँको कुलोमा जाली वाल निर्माण ७<br>१४ असिम मन्दीर देखि सडक सम्म तडबन्द निर्माण ७ | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १५) वडा नम्बर ६ को अदारीपिन्ना सडक खण्डमा पहिरो नियन्त्रण । | | | | | |
| १० | सडक दुर्घटना | द.न.पा १ गुरुखोला देखि दनपा १० बाराकोट सम्म जेब्राकस निर्माण गर्ने<br>२) स्पिड ब्रेकर निर्माण गर्ने | स्था.वि.तथा ज.उ समिती/ नगरपालिका | | | | |

### ३.१.४ आपत्कालीन पूर्वतयारी :

दशरथचन्द नगरपालिका भित्र कुनै पनि विपद्को घटना भएमा त्यसको सामना गर्न आवश्यक पर्ने पूर्वतयारीका क्रियाकलापलाई तलको ढाँचामा उल्लेख गरी कार्यान्वयन ल्याइएको छ । यसमा आपत्कालीन कोषको स्थापना, खाद्य तथा गैरखाद्य सामग्रीको बन्दोबस्त, आपत्कालीन आश्रयस्थलको पहिचान तथा व्यवस्था, प्राथमिक उपचार समग्री, जिल्ला विपद व्यवस्थान समिति र मानवीय सहयोगका क्षेत्रमा काम गर्ने संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने विधिजस्ता क्रियाकलापहरु समेटिएको छ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | १) मानीसहरु घाइते, मृत्यु, अगंभंग हुन सक्छन् । | १) छिटो भन्दा छिटो खोज तथा उद्धारका लागी जनशक्ति परिचालन गर्ने र प्राथमिक उपचारको प्रबन्ध मिलाउने | नगरपालिका, विपद् व्यवस्थापन समिती र कार्यदल | जिल्ला विपद् व्यवस्थापन समिती | मनविय सहयोग क्षेत्रमा कार्यरत निकायहरु | तत्काल |
| २ | नगद आवश्यकता | १) नगरस्तर तथा वडा स्तरमा आपतकालीन कोषको स्थापना तथा परिचालन गर्ने । | विपद व्यवस्थापन समिती , नगरपालिका र वडा कार्यलय | विपद्का क्षेत्रमा कार्यरत संघ संस्थाहरु | | हरेक वर्ष |
| ३) | राहतको आवश्यकता | १) राहत व्यवस्थापनलाई प्रवाभकारी बनाउने ।<br>२) कम्तीमा २०० परिवारकालागी आवशयक खाद्य तथा गैर खाद्य सामाग्री | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | जिल्ला प्रशासन कार्यालय तथा नेपाल रेडक्रस सोसाइटी | | १ वर्ष भित्र |
| ४) | आवाशमा क्षेती | आपतकालिन सेल्टरको व्यवस्था गर्ने | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | | | २ वर्ष |
| ५) | समन्वयमा समस्या | जिल्ला विपद् व्यवस्थान समिती तथा अन्य सरोकारवाला निकाय संग समन्वयका संयन्त्र निर्माण गर्ने | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | | | नियमित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६) | क्षमता विश्लेषण समस्या | नगर क्षेत्र भित्र कार्यरत निजी क्षेत्र - उद्योग वाणिज्य संघ,उद्यागी व्यापारीको लागत संकलन गर्ने र उनीहरु संहयोगका लागी अपिल गर्ने | स्था.वि.तथा जलवायू उत्थानशिल समिती | | | १ वर्ष भित्र |

**४.३.१ विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिना सम्म)**

दशरथचन्द नगरपालिका भित्र कुनै पनि समयमा विपद् परेमा प्रभावित तथा पीडितको उद्धार र जीवनरक्षा र सम्पत्ति संरक्षणका लागि आपत्कालीन समयमा गर्नु पर्ने क्रियाकलापलाई तलको ढाँचामा उल्लेख गरिएको छ । यसमा विशेषगरी पूर्वसूचना र चेतावनी प्रवाह गर्ने, हराएकाको खोजी, पीडितको उद्धार, सुरक्षा निकायमा खवर, आपत्कालीन बसोबास र राहत व्यवस्थापनका लागि गर्नु पर्ने कार्यहरुलाई प्रमुखताका साथ उल्लेख गरिएको छ ।

| प्राथमिकता क्रम | विपद्को सम्भावित अवस्था | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | क्षेती, तहनहस, हतार, त्रास फैलन्छ । | आफु सुरक्षित भए नभएको एकिन गर्ने । समुदायमा खवर गर्ने | व्यक्ति तथा समुदाय | नगर तथा जिल्ला स्तरीय विपद व्यवस्थापन समिति | | ० देखि १ घण्टा भित्र |
| १ | क्षेतिको अवस्था हुन सक्छ श्र | प्रारम्भिक द्रुत लेखा जोखा गर्नै र सुचना प्रवाह गर्ने, खोज तथा उद्धार तथा प्राथामिक उपचार गर्ने | समुदाय तथा उद्धार कर्ता र प्राथामिक उपचारक | | | ० देखि ७ घण्टा भित्र |
| १ | घरवार विहिन तथा औषधी उपचारबाट विमुख हुनु | अस्थाइ आवसको व्यवस्थाना गर्ने , प्रभावितहरुलाई सुरक्षित स्थानमा सार्ने । | विपद् व्यवस्थान समिती | जिल्ला विपद् व्यवस्थान समिती | | ०-२४ घण्टा भित्र |
| २ | खाद्यान्न अभाव | राहत वितरण गर्ने | वडा कार्यलय | स्थानीय विपद व्यवस्थापनर्ा समिती | | |
| ३ | मनोवैज्ञानिक असर | मनोसामाजिक सहयोग गर्ने ( सबै वडामा मानोसमाजिक विमर्शकर्ता उत्पादन गर्ने ) | मनोविमर्श कर्ता | महिला तथा बालवालिका शाखा | | |
| १ | क्षेती | क्षेतिको थप विवरण संकलन गर्ने र राहत वितरण कार्यलाई व्यवस्थि तगर्ने | जिल्ला विपद् व्यवस्थापन समिती | | | २४ देखि ४८ घण्टा भित्र |
| २ | क्षेतीको यथार्थ विवरण थाहा नहुन | क्षेतीको यथार्थ विवरण संकलन गर्ने | जिल्ला विपद् व्यवस्थापन समति | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | भौतिक पुर्वाधारको लगत संकलन गर्ने | नगरपालिका | | | |
| १ | पुनस्थापना | प्रभावितको अवस्था हेरी पुनस्थापना तर्फ केन्द्रित हुने | नगरपालिका | | | ४८ देखि ७२ घण्टा भित्र |

### ४.४.१ विपद् पश्चात्का पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू (विपद समयका प्रतिकार्यका कार्यहरु सकिएपछि ३ महिना देखि २ वर्ष सम्म)

योजनाको यस भागमा विपद् भइसकेपछि त्यसबाट परेको प्रभाव र भएको क्षतिको विश्लेषण गरी जनजीवनलाई सामान्य बनाउन, पूर्ण विस्थापित परिवारको पुनःस्थापना गर्न, क्षतिग्रस्त भौतिक संरचनाको मर्मरत-सम्भार तथा पुनर्निर्माण गर्न र भविष्यमा पर्नसक्ने त्यस्तै विपद्को सामना गर्न आवश्यक क्रियाकलापलाई समेटेर निम्नबमोजिमको ढाँचामा क्रियाकलापहरु उल्लेख गरिएको छ ।

| प्राथमिकता क्रम | सम्भावित समस्या | व्यवस्थापनका क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | घरहरु निर्माणमा समस्या | विपद्को समयमा पुण क्षेती भएको र आफै घर निमाण गर्न नसक्नेहरुको लागी घर पुन निर्माणमा सहयोग गर्ने । | नगरपालिका | भवन निर्माण कार्यालय | | १वर्ष भित्र |
| २) | भौतिक पुर्वाधारमा क्षेती | विपद् प्रभावितहरुको सहभागीतामा कामका लागि नगद/श्रमदान मार्फत विपदले विगारेका ग्रामीण सडक, सींचाई कुलो, कल्भर्ट, विद्युत, पुल, आवाशिय घर, सिंचाई कुलो विद्यालय आदि मर्मत गर्ने । | नगरपालिका तथा स्थानी विपद व्यवस्थापन समिती | सरोकार वाला सवै | विकास साझेदारहरु | २ वर्ष भित्र |
| ३) | स्वास्थ्य समस्य | विपद् प्रभावितहरुको स्वास्थ्य परिक्षणका लागि घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने । | स्थानी विपद व्यवस्थापन समिती/ नगरपालिका स्वास्थ्य शाखा | जिल्ला स्वास्थ्य कार्यालय | | समय समयमा आवश्यकता अनुसार |
| ४) | जिविको पार्जनमा समस्या | विपद् प्रभावित क्षेत्रमा भएका समुदायको जिविकोपार्जनका लागि फलफुल खेती, केरा खेती एवम् | नगरपालिकाको कृषि तथा व्यवासय शाखा | | | हरेक वर्ष |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तरकारी खेती र पशुपालन तथा अन्य व्यवसाय संचालन जस्ता योजनाहरु सञ्चालन गर्ने । | | | | |
| ५) | | | | | | |

भुकप्प : (विपद् पुर्वका क्रियाकलाप)

| क.स. | प्रमुख जोखिम तथा समस्या | व्यवस्थापनका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्रय | |
| १ | भुकम्पको जोखिमबारे पर्याप्त जानकारी नहुनु | समुदाय तथा विद्यालयमा जनचेतना मुलक क्रियाकलाप( सडक नाटक , लोक दोहोरी गित लगाएत ) प्रतियोगिताहरु संचालन गर्ने | विद्यालय तथा समुदायिक विपद व्यावस्थापन समिती , सामुदायिक वन | सामुदायकि वन उपभोक्ता समुह , नगरपालिका तथा वडा कार्यालयहरु | जिल्ला वन कार्यालय | |
| २. | भुकम्प प्रतिरोधात्मक घर निर्माणको लागि जनशक्ति नुहुन तथा चेतनामा कमी | गाविसमा घर निर्माण गर्ने डकर्मीहरुलाइ यस सम्बन्धी तालिम दिने तथा भुकम्प प्रतिरोधात्मक घर निर्माणको लागि जनचेतना मुलक कार्यहरु गर्ने | समुदाय तथा विपद् व्यावस्थापन समिती | नगरपालिका | गैर सरकारी संस्थाहरु | |
| ३. | भुकम्प आएको वेला सुरक्षित स्थानवारे जानकारी नहुनु | सुरक्षित ठाउँ हरुको पहिचाहन गर्ने | समुदाय तथा विपद् व्यावस्थापन समिती | नगरपालिका | | |
| ४. | उद्धार टोलीको अभाव | पूर्व सचेतना , प्राथामिक उपचार र खोज तथा उद्धार टोली गठन गर्ने | समुदाय तथा विपद् व्यावस्थापन समिती | नगरपालिका | रेडक्रस | |
| ५. | आपकालिन सामाग्रीको अभाव | आपकालिन उद्धार सामाग्रीहरु ( स्टेचर , टर्च , डोरी , बेल्चा गैटी तयारी हालतमा राख्ने | समुदाय तथा विपद् व्यावस्थापन समिती | नगरपालिका | | |
| ६. | सार्वजनिक स्थलका संरचनाहरु भुकम्प प्रतिरोधी नहुनु | सार्वजनिक स्थलहरुमा अनिवार्य रुपमा भवन निर्माण आचार सहिँता लाग गर्नु पर्ने | समुदाय तथा विपद् व्यावस्थापन समिती | नगरपालिका | | |
| ७ | भुकम्पको बेला आपकालिन जीवन बचाउने सीपको कमी | प्रत्येक घरमा झटपट झोला तयार गर्ने र डक कभर होल्ड नमुना अभ्यास | विद्यालय तथा समुदाय | नगरपालिका | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | विद्यालय तथा समुदायमा | | | | |

भुकम्प : (विपद्को समयमा क्रियाकलाप)

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | व्यवस्थापनका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्रय | |
| १ | भुकम्प गएको समयमा भत्किएको संरचनाले पुरेर वा लागेर मृत्यू तथा घाइते हुन सक्ने | डक कभर होल्ड गरी बस्ने | व्यक्ति परिवार | | | |
| | अपांग , वृद्धवृद्धा , गर्भवती महिला ,बालबालिका जोखिममा पर्नु । | अपांग , वृद्धवृद्धा , गर्भवती महिला ,बालबालिकाहरुलाई प्राथमिकतामा राखी सुरक्षित स्थल तर्फ लैजानु । | स्था.वि तथा ज.उ .समिति | नगरपालिका | | |
| | समयमै सूचना प्रभाव नहुनु | सुचना प्रवाह गर्ने तथा रेडक्रस र सुरक्षा निकाय लगाएतलाइ खवर गर्ने | स्था.वि तथा ज.उ .समिति | नगरपालिका | | |
| | उद्धारमा समस्या | प्राथमिक उपचार र खोज तथा उद्धार कार्यदल लाइ परिचालन गर्ने तथा हराएका मानिसहरुलाइ खोज गर्ने | स्था.वि तथा ज.उ .समिति | नगरपालिका | जिल्ला विपद् व्यावस्थापन समिती , नेपाल रेडक्रस सोसाइटी , विभिन्न संघ संस्था | |
| | घाइतेहरुको थप अवस्था बिग्रनु | घाइतेहरुलाई उपचारको लागि अस्पताल लैजाने | प्राथामिक उपचार कार्यदल, समुदाय | नगरपालिका | जिल्ला विपद् व्यावस्थापन समिती , नेपाल रेडक्रस सोसाइटी , विभिन्न संघ संस्था | |

भुकप्प : (विपद् पश्चायत क्रियाकलाप)

| क्र.स. | प्रमुख जोखिम तथा समस्या | व्यवस्थापनका क्रियाकलापहरु | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्रय | |
| १. | क्षतिको यथार्थ जानकारी नहुनु | क्षतिको मुल्यांकन गरी राहत प्रदान गर्ने | समुदाय तथा स्थानिय विपद् व्यावस्थापन समिती | नगरपालिका | जिल्ला विपद् व्यावस्थापन समिती , नेपाल रेडक्रस सोसाइटी , विभिन्न संघ संस्था | |
| २ . | क्षति भएको स्थानमा माहामारी फैलन सक्ने | बस्ती तथा पारिवारी सरसफाइमा ध्यान दिने | समुदाय तथा स्थानिय विपद् व्यावस्थापन समिती | नगरपालिका | | |
| ३. | क्षति भएको संरचना पुन निर्माण नुहन | क्षति भएको संरचना पुन निर्माण गर्ने | स्था.वि तथा ज.उ .समिति | नगरपालिका | विभिन्न सरकोरवाल निकाय | |

अनुसूचीहरु :

अनुसूचीहरु १ : स्थानीय विपद् तथा जलवायू उत्थानशिल समितीका पदाधिकारी तथा सदस्यहरुको नामावली

| क्र.स | नाम | पद | प्रतिनिधित्व गरेको संस्था |
|---|---|---|---|
| १ | नरेन्द्र सिंह थापा | अध्यक्ष | नगर प्रमुख |
| २ | मिना चन्द | सदस्य | नगर उप प्रमुख |
| ३ | भुवन प्रसाद भट्ट | सदस्य | वडाध्यक्ष - १ |
| ४ | रन बहादुर बोहरा | सदस्य | वडाध्यक्ष - २ |
| ५ | दाम बहादुर क्षेत्री | सदस्य | वडाध्यक्ष - ३ |
| ६ | मोहन चन्द | सदस्य | वडाध्यक्ष - ४ |
| ७ | नारायण प्रसाद भट्ट | सदस्य | वडाध्यक्ष - ५ |
| ८ | गजेन्द्र रावल | सदस्य | वडाध्यक्ष - ६ |
| ९ | चक्र प्रसाद शर्मा | सदस्य | वडाध्यक्ष - ७ एंवम नगर प्रवक्ता |
| १० | सुरेश थापा | सदस्य | वडाध्यक्ष - ८ |
| ११ | हरी चन्द्र जोशी | सदस्य | वडाध्यक्ष - ९ |
| १२ | गगन सिंह विष्ट | सदस्य | वडाध्यक्ष - १० |
| १३ | जयदत्त पन्त | सदस्य | वडाध्यक्ष - ११ |
| १४ | जगदिशराम लुहार | सदस्य | नगरकार्यपालिका सदस्य |
| १५ | गणेशराम दमाई | सदस्य | नगरकार्यपालिका सदस्य |
| १६ | सिता कार्की | सदस्य | नगरकार्यपालिका सदस्य |
| १७ | जयन्ती बोहरा | सदस्य | नगरकार्यपालिका सदस्य |
| १८ | रेवती बडु पाण्डेय | सदस्य | नगरकार्यपालिका सदस्य |
| १९ | भागरती पन्त | सदस्य | नगरकार्यपालिका सदस्य |
| २० | मानमति पुजारा | सदस्य | नगरकार्यपालिका सदस्य |
| २१ | डम्बर टमटा | सदस्य | नगरकार्यपालिका सदस्य |
| २२ | तेजप्रकाश भट्ट | सदस्य | नगरकार्यपालिका सदस्य |
| २३ | पृथ्वीराज अवस्थी | सदस्य | क्याम्पस प्रमुख |
| २४ | गणेश शाही | सदस्य | विपद विज्ञ |
| २५ | भगिरथ अवस्थी | सदस्य | विपद विज्ञ |
| २६ | निशा भट्ट | सदस्य | अध्यक्ष नगरबाल संजाल |
| २७ | प्रहरी प्रतिनिधी | सदस्य | जिल्ला प्रहरी कार्यालय |
| २८ | सुनिल अधिकारी | सदस्य | जिल्ला स्वास्थ्य कार्यालय |
| २९ | गोविन्द राज जोशी | सदस्य | रुडेश बैतडी |
| ३० | प्रतिनिधी | सदस्य | साडा नेपाल |
| ३१ | तेज बहादुर चन्द | सदस्य | नगर स्तरीय अपाङ्ग संघ |
| ३२ | विनोद बहादुर चन्द | सदस्य सचिव | दशरथचन्द नगरपालिका |

अनुसूचीहरु २ : जिल्ला तथा नगरस्तरका आपतकालिन फोन नम्बरहरु

| क्र.स. | सर्म्पक कार्यालय तथा व्यक्ति | सम्पर्क नम्बर |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | ०९५ ५२००३३/२३३ |
| २ | जिल्ला समन्वय समितीको कार्यालय | ०९५ ५२०१४४ |
| ३ | जिल्ला प्रहरी कार्यालय | ०९५ ५२०१०१,१९९, प्र.क. १०० |
| ४ | नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा बैतडी | ०९५ ५२०३५६ |
| ५ | जिल्ला अस्पत्ताल बैतडी | ०९५ ५२०१५१ |
| ६ | नेपाल विधुत प्राधिकरण बैतडी | ०९५ ५२०११५ |
| ७ | दशरथचन्द नगरपालिका | ०९५ ५२०१७१/५२०२४१ |
| ८ | नेपाली सेना | ०९५ ५२०२०० |
| ९ | महाकाली यातयात व्यवसायी समिती | ०८६ ४६०१२७ |
| १० | नेपाल पत्रकार महाँसघ | ९८४८८६०१२३/९८४८९०३४२९ |
| ११ | उद्योग बाणिज्य संघ | |
| १२ | गैर सरकारी संस्था महाँसघ | ०९५ ५२००४६ |
| | **एम्बुलेन्स** | |
| १३ | जिल्ला अस्पत्ताल बैतडी | ०९५ ५२०१५१ |
| १४ | दशरचन्द स्मृती प्रतिष्ठान -माधव रावल | ९८६५८५२२७७ |
| १५ | देहीमाण्डौ स्वास्थ्य चौकी केशव विजले | ९८४८९०३९९३ |
| | **संचार माध्याम तर्फ** | |
| १६ | सामुदायिक रेडियो सौगात | ०९५५२०५१२ |
| १७ | सामुदायिक रेडियो शंन्सेर | ०९५५२०५३७ |
| १८ | रेडियो निङ्गलाशैनी | ९८५८७५१०९४ |
| १९ | सामुदायीक रेडियो सेभेन स्टार | ० |
| २० | बैतडी सन्देश साप्ताहिक | ०९५५२०५३७ |
| २१ | सौगात खवर दैनिक | ५२०५१२ |
| २२ | पश्चिम निगरानी दैनिक | ९८४८८४३९५६ |

अनुसूचीहरु ३ : नगरपालिकाको संकटासन्नता,क्षमता तथा जोखिम पहिचाहन कार्यक्रमका फोटोहरु









अनुसूचीहरु ४ : नगरसभाबाट स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना प्रस्तुतीकरण तथा अनुमोदन कार्यक्रमको उपस्थिती

आज मिती २०७५/१/१६ गते का दिन दशरथचन्द न.पा. स्थानिय विपत तथा जलवायु उत्थान शिल नगर समिती नगरप्रमुख एवम् समिती का अध्यक्ष श्री नरेन्द्र सिंह थापा को अध्यक्षतामा बस्यो. जसमा देहाय बमोजिम को उपस्थितीमा निम्न अनुसार का निर्णय पारित गरिए,

उपस्थिती

१- श्री नरेन्द्र सिंह थापा- अध्यक्ष
२- " मिना चन्द- नगर उप प्रमुख- उपाध्यक्ष
३- " दिपक आचार्य- सहायक प्र.प्र.अ. सदस्य
४- " कान्ती राज जोशी- प्र.नि.प्र.प्र.का "
५- " नविन पाण्डेय - मि.प्र.प्र.अ. "
६- " भिम दत्त पाण्डेय- उद्योग संघ सभापती "
७- " भुवन राज भट्ट दन.पा. वडा १ वडा अध्यक्ष
८- " कुलक बहादुर बोहरा " २ " "
९- राम बहादुर जोगी " ३ " "
१०- मोहन चन्द " ४ " "
११- " नारायण प्रसाद भट्ट " ५ " "
१२- " गजेन्द्र सिंह सावन्त " ६ " "
१३- " चक्र प्रसाद शर्मा " ७ " "
१४- " सुरेश थापा " ८ " "
१५- " हरिश चन्द जोशी " ९ " "
१६- " गगन सिंह बिष्ट " १० " "
१७- " जय दत्त पन्त " ११ " "
१८- " गुमानी दत्त पन्त प्रशि.अ.
१९- जगदिश राम लुहार दन.पा. सदस्य १
२०- रैनु बिष्ट नेपाल रेडक्रस (S.m)
२१- रेवती वहु (अ६) " " "
२२- निशा भट्ट (NCCR) provience coordinator वडा नं ४
२३- पद्मा जोशी नेपाल रेडक्रस (S.m)
२४- मानमती मानमती पुजारा महिला सदस्य वडा नं ३
२५- भागरथी पाल्की महिला सदस्य न ११
२६- निर्मला टेर केन्द्राध्यक्ष मबारा कालेज
२७- पुनम बोहरा नेपाल रेडक्रस S.M
२८- उपेन्द्र जोशी कांग्रेस सदस्य.

२८- सन्तोष भट्ट सदस्य म.वा.स. गृ.

२९- सरजीत सिं महरा . द.न.पा.को कार्यालय

३०- अनिल ब. चन्द लेखापाल द.उ.वा.को कार्यालय, बैतडी

३१- लक्ष्मी सिंह खड्का द.न.पा.

३२- गणेश शाही जिल्ला कार्यक्रम अधिकृत UNFPA

३३- भगीरथ अवस्थी रेडियो सिक्लेसौनी / अनाहंतपोर्ट

३४- जयसिंह बोहरा - इन्जिनियर - द.न.पा. कार्यालय

३५- धनपुराम भट्ट द.न.पा. स्वास्थ्य शाखा

३६- तुम्बा टमटा द.उ.वा.को सदस्य

३७- अमर सिंह ज्याला स्रोतव्यक्ति, द.न.पा., शिक्षा

३८- दिनेश कठायत DRR अधिकृत SADA/PAHAL

३९- विश्राम कोली पत्रकार

४०- दीला कामी महिला सदस्य वडा नं ६

४१- महादेव भट्ट अमीन द.न.पा. कार्यालय बैतडी

४२- केशव सिं पन्त सदस्य वडा - ११

४३- रामसिंह पंत सदस्य वडा ११

४४- लोकराज पन्त सदस्य वडा ०६

४५- गणेश साह दमाई कार्यपालिका सदस्य

४६- दुर्गा देव भट्ट द.न.पा. लेखा शाखा

४७- ~~अनिता चन्द द.न.पा. आ.लेखा शाखा~~

४८- डम्बर थापा द.न.पा. जिन्सी शाखा

४९- विनोद बं चन्द सू. सचिव

५० लेख राज पाण्डे कृ. अधिकृत

निर्णय नं. १ →

स्थानिय विपद न्यूनिकरण गर्ने तथा आपतकालिन अवस्थामा राहत कार्यक्रम लाई छिटो छरितो संग पिडित कहाँ पुगाउ उद्धार कार्य गर्ने सरोकार वाला निकाय मा सम्पर्क व्यक्ती तोकेर जानकारी गर्नै र सात दिन भित्र सम्पर्क व्यक्ती तोकी जानकारी न.पा मा पठाउन अनुरोध गर्ने निर्णय पारित गरियो,

निर्णय नं २ →

प्रत्येक वडामा विपत प्रतिकार्य सामग्री खरिद गरि

२०७५ असार १५ गते जिल्ला वडा कार्यालयमा बुझाउन न.पा लाई अनुरोध गर्ने निर्णय पारित गरियो,

निर्णय नं. ३ →

स्थानिय विपत तथा जलवायु उत्थानशील कोष मा आव तत्कालिन अवस्थामा खर्च गर्न नगर कार्यपालिका लाई अनुरोध गर्ने निर्णय पारित गरियो,

निर्णय नं-४ →

प्रकोपमा परि राहत का लागि निवेदन वडा बाट आएका निवेदन हरु माथी न.पा. को प्राविधिक, वडाध्यक्ष, र प्रहरी को संयुक्त टोली बाट अनुगमन गराई मुचुल्का को आधार मा राहत दिने उक्त राहत तत्काल प्रतिवेदन का आधारमा नगर प्रमुख र उपप्रमुख बाट बैठक मा अनुमोदन हुने गरि भुक्तानी गर्ने निर्णय पारित गरियो,

निर्णय नं ४ → स्थानिय विपत तथा जलवायु उत्थानशील निर्देशिका विपद तथा जलवायु उत्थानशील विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४ परिच्छेद ५ को ५ र स्थानिय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका अनुसूची १ र स्थानिय निकाय सञ्चालन ऐन २०७४ अनुसार स्थानिय स्तरमा उपलब्ध विपत व्यवस्थापन ~~विज्ञ~~ सम्बन्धी विज्ञ तपसिल का व्यक्ती हरुलाई मनोनयन गर्ने निर्णय पारित गरियो,

तपसिल

(१) श्री गणेश बहादुर शाही. (UNFPA)

(२) " भगिरथ अवस्थी - (निडलाईन्स) एन.एस. बैतडी)

निर्णय नं. ५ →

स्थानिय विपत तथा जलवायु उत्थानशील - निर्देशिका विपद तथा जलवायु उत्थानशील विशेष कोष सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७४ परिच्छेद ५ को ५ र स्थानिय विपद तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका अनुसूची १ को ६ अनुसार /

नेपाल रेडक्रस का सभापती- श्री भिम दत्त पाण्डेय, कैलाश बैतडी का कार्यकारीकारी निर्देशक श्री गोविन्द राज जोशी, बाल संस्था की अध्यक्ष निरा भट्ट, स्याउ बैतडी का हिमेश कठायत र नगर स्तरीय अपाङ्ग संघ का-उपाध्यक्ष श्री तेज बहादुर चन्द लाई पनि समितीको सदस्य मा मनोनित गर्ने निर्णय पारित गरियो,

निर्णय नं. ६ ->

स्थानिय विपत तथा जलवायु उत्थानशिल समिती भ.पा. र नेपाल रेडक्रस सोसाइटी CCDRR कार्यक्रम को आयोजनामा तयार गरिएको स्थानिय विपत तथा जलवायु उत्थानशिल नगर योजना प्रस्तुत गरि यो समितीबाट अनुमोदन गरि स्वीकृती को लागी नगर कार्यपालीका मा पेश गर्ने निर्णय गरियो,

निर्णय नं ७ ->

स्थानिय विपद तथा जलवायु नगर योजना - किताब छपाई कोष बाट नै गर्ने निर्णय पारित गरियो,

अनुसूचीहरु ६ : नगरसभाबाट स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना प्रस्तुतीकरण तथा अनुमोदन कार्यक्रम तथा योजना तर्जुमाका कार्यक्रमका तस्विरहरु







